
# राजश्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

# अन्तिम प्रतिवेदन




## वालिङ नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## वालिङ, स्याङ्जा, गण्डकी प्रदेश

## २०७८

# प्रतिवेदन तयारी

| | | |
|---|---|---|
| प्रतिवेदनको शीर्षक | : | राजश्व सुधार कार्ययोजना, २०७८ |
| प्रदेश | : | गण्डकी प्रदेश |
| नगरपालिका | : | वालिङ नगरपालिका, स्याङ्जा |
| तयार गर्ने | : | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान |
| स्रोत व्यक्ति | : | सुरेन्द्र वाग्ले/शान्ता बडु न्यौपाने |
| मिति | : | असार, २०७८ |

विषय सूची


परिच्छेद – एक : परिचय १

१.१ पृष्ठभूमि १

१.२ राजश्व सुधार योजनाको औचित्य १

१.३ कार्ययोजनाका उद्देश्यहरू २

१.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया २

*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन* २

*१.४.२ कार्यशाला आयोजना* ३

*१.४.३ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास* ४

*१.४.४ अभिमुखीकरण तथा तालिम सामाग्री तयारी* ४

*१.४.५ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण* ४

*१.४.६ वडा कार्यालयको सचिवहरूसंग अन्तरक्रिया* ५

*१.४.७ तथ्याङ्क विश्लेषण तथा मस्यौदा तयारी* ५

*१.४.८ मस्यौदा प्रस्तुती तथा छलफल* ६

*१.४.९ राजश्व सुधार कार्यायोजना अन्तिम दस्तावेज तयारी* ६

१.५ अध्ययनको सीमा ६

परिच्छेद – दुई ७

राजश्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था ७

२.१ नगरपालिकाको संक्षिप्त परिचय ७

२.२ प्राकृतिक सम्पदा तथा स्रोतको अवस्था ८

२.३ प्रमुख पूर्वाधार तथा सुविधाको अवस्था १०

२.४ आर्थिक अवस्था १०

२.५ सांस्कृतिक तथा पर्यटकीय उत्कृष्टता ११

२.६ नगरपालिकाको सम्पत्ती विवरण १२

२.७ संगठन तथा राजश्व प्रशासन १३

२.८ विगतको आय संकलन तथा राजश्व संरचनाको अवस्था १७
*२.८.१ राजश्व संकलनको अवस्था* १७
२.१ आन्तरिक राजश्व संरचनाको अवस्था २०
२.९ विगतको आय संकलनको विश्लेषण २०
परिच्छेद : तीन २२
नगरपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता २२
३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था २२
*३.१.१ संवैधानिक व्यवस्था* २२
*३.१.२कानुनी व्यवस्था* २२
३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना २७
स्रोत : राजश्व उपशाखा कार्यालय वालिङ, २०७८ २८
३.३ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना २८
३.३.१ कर राजश्व २८
३.३.२ गैर कर राजश्व ३५
परिच्छेद : चार ४३
राजश्व सुधार कार्ययोजना ४३
४.१ राजश्व सुधारका क्षेत्रहरू ४३
४.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान ४३
४.३ राजश्व सुधार कार्ययोजना तर्जुमा ४४
परिच्छेद : पाँच ४८
आगामी ३ वर्षको आय प्रक्षेपण ४८
५.१ राजश्व प्रक्षेपणका विधिहरू ४८
५.२ राजश्व संकलनमा पर्ने असरको प्रारम्भिक आँकलन ४८
५.३ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ४९
५.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ५२
५.५ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश ५४
परिच्छेद ६ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ५५

६.१ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन ५५

६.२ श्रोत व्यवस्थापन ५५

६.३ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन ५५

अनुसूची १ : सन्दर्भ सामग्रीहरू ५८

अनुसूची २ : तथ्याङ्क र सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम ५९

अनुसूची ३ : अभिमुखीकरण कार्यक्रमका सहभागीहरुको उपस्थिति ६४

## तालिका सुची


तालिका १ : सन्दर्भ सामग्री र अध्ययनको क्षेत्र ........ २
तालिका २ : नगरपालिकाको भुउपयोग सम्बन्धी विवरण ........ ८
तालिका ३ : नगरपालिकाको जनसंख्या तथा घरधूरी सम्बन्धी विवरण ........ ८
तालिका ४ : कृषि बजार तथा कृषि संकलन केन्द्र सम्बन्धी विवरण ........ १०
तालिका ५ : नगर क्षेत्रका सार्वजानिक शौचालय सम्बन्धी विवरण ........ १०
तालिका ६ : व्यवसाय सम्बन्धी विवरण ........ १०
तालिका ७ : नगरपालिकाको स्वामित्वमा रहेका जग्गा तथा भवन सम्बन्धी विवरण ........ १२
तालिका ८ : नगरपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण ........ १३
तालिका ९ : राजश्व परामर्श समितिको नामावली ........ १४
तालिका १० : नगरपालिकाको राजश्व उपशाखामा कार्यरत कर्मचारी सम्वन्धी विवरण ........ १५
तालिका ११ : ३ आ.व.को यथार्थ र चालू आ.व.को अनूमान र प्राप्ति(रु.०००) ........ १८
तालिका १२ : कुल राजश्वमा शीर्षकगत योगदान (रु. हजारमा) ........ २०
तालिका १३ : प्राकृतिक श्रोतको रोयल्टी बाडफाट (प्रतिशतमा) ........ २४
तालिका १४ : स्थानीय र प्रदेश तह वीचको राजश्व बाडफाट ........ २५
तालिका १५ : मुल्य अभिबृद्धि कर, अन्तशूल्कको बाडफाट ........ २६
तालिका १६ : आन्तरिक आय संकलनको विद्यमान अवस्था विवरण ........ २७
तालिका १७ : सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ २९
तालिका १८ : मालपोत कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३०
तालिका १९ : घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३१
तालिका २० : व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३२
तालिका २१ : विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३४
तालिका २२ : साना सवारी कर सम्बन्धी सम्भाव्यता विश्लेषण ........ ३५
तालिका २३ : उत्खनन स्थलह□मा नदीजन्य पदार्थ बिक्री सम्भावना ........ ३५
तालिका २४ : नक्सा पास दस्तूरको सम्भाव्यता विश्लेषण ........ ३७
तालिका २५ : व्यवसाय रजिष्ट्रेशन दस्तूरको सम्भाव्यता विश्लेषण ........ ३८
तालिका २६ : सरकारी सम्पत्तिको बहालको सम्भाव्यता विश्लेषण ........ ३९
तालिका २७ : सिफारिस तथा प्रमाणित दस्तूरको सम्भाव्यता विश्लेषण ........ ४०
तालिका २८ : पर्यटन शूल्कको सम्भाव्यता विवरण ........ ४१
तालिका २९ : पार्कि□ शूल्कको सम्भाव्यता विवरण ........ ४२
तालिका ३० : राजश्व सूधार कार्ययोजना ........ ४४
तालिका ३१ : आगामी आ.व.ह□का लागि राजश्व प्रक्षेपणका आधारह□ (रु. हजारमा) ४९
तालिका ३२ : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) ........ ५२
तालिका ३३ : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) ........ ५४

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्य संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था छ । तीन तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्न सक्ने स्पष्ट उल्लेख गरेको छ । नेपालको संविधानले अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको स्पष्ट व्यवस्था गरेको छ । जस अनुसार स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५५ देखि ६८ सम्म स्थानीय तहले प्रयेग गर्न पाउने आर्थिक अधिकार एवं यसका लागि कानूनी सिमा समेत निर्धारण गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले लगाउन पाउने कर, संकलन गर्न सक्ने राजश्व, प्राप्त गर्ने अनुदान, राजश्व बांडफांड तथा आर्थिक सहयोग सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यी संबैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजश्व संकलन, वजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुंदा यसलाई अझ व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुन आवश्यक पर्दछ ।

मुलुकको परिवर्तित संरचना बमोजिम जनताको सबैभन्दा नजिक रहेको स्थानीय सरकारको निर्वाचन पछि जनताका आकांक्षा र चाहनाहरूमा उल्लेख्य वृद्धि भएको छ । यस अवस्थामा नगरपालिकाहरूले आ-आफ्नो जिम्मेवारी पुरा गर्न र जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक छ । स्थानीय सरकारको विकास र प्रशासनिक खर्च धान्नका लागि र उनीहरूको राजश्व सामर्थ्य वृद्धि गर्न र स्थानीय तहहरूको आन्तरिक राजश्व परिचालन क्षमतामा वृद्धि गर्नु अपरिहार्य भएको छ । यसका लागि स्थानीय तहको राजश्व अधिकारका संभावनाहरूको खोजी गर्ने, संभाव्य क्षेत्रको राजश्व परिचालनका लागि अवलम्वन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकिय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि नगरपालिकामा राजश्व सुधार कार्ययोजनाको आवश्यकता पर्दछ ।

यसै सन्दर्भमा स्याङ्जा जिल्लाको वालिङ नगरपालिकाले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत नगर प्रमुख सहित निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरू समेतको सक्रिय उपस्थिति र सहभागिता एवं सहयोगमा नगरपालिकाको आगामी तीन वर्षको लागि यो राजश्व सुधार कार्ययोजना, २०७८ तयार पारिएको हो ।

## १.२ राजश्व सुधार योजनाको औचित्य

नेपालको संविधान र विभिन्न संघीय कानूनहरूमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्था गरिएका छन् । नगरपालिकाका निर्वाचित जनप्रतिनिनिधिहरू लगायत राजश्व संकलनमा संलग्न रहने कर्मचारीहरू समेतका लागि नगरपालिकाको वित्तीय अधिकार सम्बन्धी संबैधानिक र कानुनी प्रावधानका बारेमा अझ वढी थप स्पष्ट पार्न, राजश्वका संभावित क्षेत्र पहिचान एवं क्षेत्र र दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने दिशामा राजश्व सुधार कार्ययोजना सम्बन्धी अवधारणा र महत्व बारेमा अभिमुखीकरण कार्यक्रम उपयोगी हुने विश्वास गरिएको छ । राजश्व सुधार कार्ययोजनाले यस नगरपालिकाको राजश्व क्षमताको पहिचान गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । साथै यस अध्ययनबाट तयार गरिएको राजश्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको लागि स्थानीय तहहरूलाई उपलव्ध गराउने विभिन्न प्रकारका अनुदान सम्बन्धी मापदण्ड र आधारहरू तयार गर्न सन्दर्भ सामग्रीको रुपमा उपयोगी हुने हुंदा यो कार्ययोजना औचित्यपूर्ण देखिएको छ ।

## १.३ कार्ययोजनाका उद्देश्यहरू

राजश्व सुधार कार्ययोजनाको सर्वोपरि उद्देश्य वालिङ नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न योगदान पुऱ्याउनु हो भने तत्कालिन उद्देश्य नगरपालिकाको आन्तरिक राजश्वको विद्यमान अवस्थाको समीक्षा गर्ने र आन्तरिक स्रोतका सम्भावनाहरूको विश्लेषण गरी आगामी तीन बर्षको आन्तरिक आयको प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु रहेको छ। यो योजनाको विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- स्थानीय तहको आर्थिक अधिकार तथा राजश्व सुधार कार्ययोजना सम्बन्धमा नगर कार्यपालिकाका पदाधिकारीहरू, शाखा प्रमुखहरू, कर्मचारीहरू तथा राजश्व प्रशासनमा संलग्न कर्मचारीहरूलाई स्थानीय तहको राजश्व अधिकार बारे अभिमुखीकरण गरी क्षमता विकास गर्ने।
- नगरपालिकाको विगत तीन बर्षको शीर्षकगत रुपमा आन्तरिक आयको अवस्था र प्रबृत्तिको विश्लेषण गर्ने र राजश्वको प्रक्षेपण गर्ने
- नगरपालिकाको आन्तरिक आय वृद्धिका लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने।
- राजश्व प्रशासनको नीतिगत, संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी राजश्व सुधार कार्ययोजना र प्रक्षेपण सहितको राजश्व सुदृढिकरण कार्ययोजना तयार गर्ने।
- नगरपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव उपलब्ध गराउने।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यको सन्दर्भमा विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन ( अनुसूचीमा दिईएका), आवश्यक फाराम तथा चेकलिष्ट तयार, तथ्याङ्क तथा सूचना संकलन र विश्लेषण, समावेसी र सहभागितामूलक छलफल, परिचयात्मक बैठक तथा अभिमुखीकरण एवं कार्यशाला गोष्ठीको आयोजना जस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो। योजना तर्जुमाको कार्य दिग्दर्शनले निर्दिष्ट गरे बमोजिम निम्न विधिहरूको अवलम्वन गरी सम्पन्न गरिएको छ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

राजश्व योजना तर्जुमा गर्ने कार्य थालनीको पहिलो चरणमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट खटिएका विज्ञ समूहबाट विभिन्न सन्दर्भ सामग्रीहरूको संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो। यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू देहाय अनुसार रहेका छन् :

**तालिका १ : सन्दर्भ सामग्री र अध्ययनको क्षेत्र**

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान | - राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग ५: धारा ५६ देखि ६० सम्म)<br>- स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखि २३० सम्म)<br>- संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखि ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | - गाउँ/नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेदः ३)<br>- गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेदः ९)<br>- गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेदः १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | - राजश्वको अधिकार (परिच्छेदः २)<br>- राजश्वको बाँडफाँड (परिच्छेदः ३) |

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| | - अनुदानको व्यवस्था (परिच्छेदः ४)<br>- वैदेशिक सहायता तथा ऋण (परिच्छेदः ५)<br>- आय व्ययको प्रक्षेपण गर्ने (दफाः १८)<br>- राजश्व प्रस्ताव तयार गर्ने (दफाः १९)<br>- वित्तिय अनुशासन (परिच्छेदः ८)<br>- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर ( अनुसूची - १, २ र ३)<br>- प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची -४) |
| राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | - प्राकृतिक स्रोतको परिचालन, राजश्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) |
| केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन | - स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजश्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरू |
| नेपाल सरकारको वार्षिक वजेट वक्तव्य र आर्थिक ऐनहरू | - स्थानीय तहको राजश्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरू |
| प्रदेश सरकारको वार्षिक वजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरू | - स्थानीय तह र प्रदेश सरकारबीच साझा अधिकार सूचीका विषयमा प्रदेश कानूनले गरेका व्यबस्थाहरू |
| एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ | - स्थानीय तहको राजश्व प्रक्षेपणको ढाँचामा एकरुपताका लागि |
| स्थानीय तहको वस्तुगत विवरण (प्रोफाईल) | - स्थानीय तहको राजश्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको आधार (Base) बारेको सूचना र तथ्याङ्क । |
| स्थानीय तहका विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू | - स्थानीय राजश्व र आयको प्रबृत्ति विश्लेषण |
| संघ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | - स्थानीय तहको राजश्व अधिकारको उपयोगका लागि कानूनी र नीतिगत व्यबस्था |
| अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरू | - सन्दर्भ सामग्रीको रुपमा |
| अन्य दस्तावेजहरू ………… | - सन्दर्भ सामग्रीको रुपमा |

### १.४.२ *कार्यशाला आयोजना*



राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा नगरपालिका कार्यालयमा निम्न अनुसार कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशालाको संक्षिप्त विवरण निम्न अनुसार उल्लेख गरिएको छ ।

वालिङ नगरपालिकामा २०७८ बैशाख १४ र १५ गते २ दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा नगरपालिकाका पदाधिकारी एवं कर्मचारीहरूका साथै उद्योग वाणिज्य संघका प्रतिनिधि गरी २७ जनाको सहभागिता रहेको थियो । पहिलो दिन राजश्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको थियो भने दोस्रो दिन राजश्व सुधारका क्रियाकलाप निर्धारण गरिएको थियो । विज्ञ टोलीद्वारा सहजीकरण

गरिएको यस कार्यशालामा कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजश्व सम्बन्धी सैद्धान्तिक पक्षहरू, स्थानीय तहको राजश्व अधिकार तथा परिचालन सम्बन्धी व्यवस्था र प्रभावकारी राजश्व प्रशासन र त्यसका पक्षहरूका बारेमा प्रस्तुती तथा छलफल गरिएको थियो ।

उक्त अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला नगरपालिकाका प्रमुख श्री दिलिप प्रताप खाँडज्यू को अध्यक्षतामा भएको थियो । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री राजन भट्टराईले स्वागत मन्तब्य दिनु भएको थियो । मतब्यको क्रममा राजश्व सुधार कार्ययोजनाको आवश्यकता बारे प्रकाश पार्नु भएको थियो । कार्यक्रम सञ्चालन राजश्व शाखा प्रमुख श्री पदम प्रसाद पाण्डेले गर्नु भएको थियो । राजश्व परामर्श समितिका संयोजक तथा उप प्रमुख श्री कल्पना तिवारीले नगरपालिकाको माग बमोजिम गण्डकी प्रदेश प्रतिष्ठान पोखराको आर्थिक एवम् प्राविधिक सहयोगमा राजश्व सुधार कार्ययोजना तयार हुन लागेकोमा खुशी व्यक्त गर्नुभएको थियो । कार्यक्रमलाई विसर्जन गर्ने क्रममा नगर प्रमुख दिलिप प्रताप खाँडले स्थानीय तहले संकलन गरेको करबाट उठेको रकम नगरबासीको सुरक्षा र न्याय जस्ता क्षेत्रमा खर्च हुने बताउनु भएको थियो । जसरी मौरीले फूलको रस चुसेर मह बनाउँछ त्यसरी नै जनताबाट उठेको करबाट नगरपालिकाले समग्र विकास गर्ने बताउनु भएको थियो ।

### *१.४.३ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको निर्माण गरिएको थियो । नगरपालिकाको राजश्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.४ अभिमुखीकरण तथा तालिम सामाग्री तयारी*

स्थानीय सरकारीको राजश्व सुधार योजना तर्जुमा प्रक्रिया सम्बन्धमा नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिकालागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो ।

#### क. पदाधिकारीको लागि अभिमुखीकरण कार्यक्रम

- अभिमुखीकरण कार्यक्रमको आवश्यकता र महत्व,
- राजश्व सुधार कार्ययोजनाको उद्देश्य
- स्थानीय तहको राजश्व अधिकार,
- राजश्व परिचालन सम्बन्धी अनुभव आदान प्रदान,
- राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया
- राजश्व सुधार कार्ययोजना दस्तावेज विषयवस्तुको प्रयोगात्मक अभ्यास

#### ख. वडा सचिवहरूलाई अभिमुखीकरण तथा समस्याको पहिचान कार्यक्रम

- नगरपालिकाले आय संकलन गरिरहेका क्षेत्रहरू
- आय संकलनमा भोगेको समस्याहरू
- आय संकलन गर्न सक्ने नयाँ क्षेत्रहरू
- राजश्व परिचालनको विद्यमान अवस्था,

### *१.४.५ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण*

नगरपालिकाको राजश्व परामर्श समिति तथा राजश्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण पश्चात नगरपालिकाको राजश्व परिचालनको विद्यमान अवस्था विश्लेषण गरी उपलब्ध सूचनाको आधारमा राजश्वको शीर्षकगत संभाव्यता विश्लेषण, राजश्व परिचालन देखिएका समस्यालाई सम्बोधन गर्ने गरी कार्ययोजना तयार पारी राजश्व प्रक्षेपणको प्रारम्भिक दस्तावेज तयार गरियो । यसरी तयार पारिएको प्रारम्भिक दस्तावेजमा नपुग सूचना संकलन गर्न राजश्व शाखामा कार्यरत कर्मचारी र परामर्शदाताद्वारा नगरपालिकाको वेवसाईट, राजश्व

संकलनमा प्रयोग गरिएको सफ्टवेयर, आर्थिक ऐन र अन्य दस्तावेज र श्रोतबाट तथ्याङ्क संकलन गरियो । यसै गरी प्रत्यक्ष रुपमा नगरकार्यपालिका कार्यालयका शाखा प्रमुख तथा अन्य कर्मचारी, वडा कार्यालय र सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिसँग राय परामर्श लिइएको थियो । राजश्व शाखाबाट प्राप्त नभएका तथ्याङ्कलाई आर्थिक प्रशासन शाखाबाट संकलन गरियो । यस प्रक्रियामा देहायमा उल्लिखित क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरिएको थियो :

- राजश्व परिचालनको नीतिगत, कानूनी र प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण,
- विगत ३ आर्थिक वर्ष र चालु आ.व.को चैत्र मसान्त सम्मको यथार्थ आय विवरण,
- चालु वर्षको आर्थिक ऐनमा उल्लेख गरिएका आयका स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- कर तथा गैर कर क्षेत्रहरूको शीर्षकगत दायरा, दर तथा आयको प्रक्षेपण र यथार्थ संकलनको भिन्नता
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.६ *वडा कार्यालयको सचिवहरूसंग अन्तरक्रिया*

वडा कार्यालयको राजश्व प्रशासनको अवस्था सम्बन्धी जानकारी हासिल गर्ने तथा आवश्यक तथ्याङ्क संकलन गर्न स्थलगत अध्ययन तथा अवलोकन प्रक्रियामा एक दिन परामर्शदाताका तर्फबाट विषय विज्ञ र नगरपालिकाका उप प्रमुख र राजश्व शाखा प्रमुख सहितको टोलीसंग १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा वडा सचिवहरूसंग आवश्यक सूचना संकलन गरिएको थियो । कार्यक्रममा संकलन गरिएका सुचना तथा समस्याहरू देहाय बमोजिम छन ।



- अग्रेजीमा दिइने सिफारिसको दस्तुर बढी भएको भन्ने गुनासो आएको
- फोहरमैला संकलनको गाडी नियमित नभएको भन्ने गुनासोले गर्दा शुल्क उठाउँदा गुनासो सुन्न परेको
- बहाल कर, सरसफाई शुल्क सफ्टवेयरमा हुन नसक्दा समस्या हुने गरेको
- धार्मिक स्थलहरूमा दैनिक उठ्ने रकम नगरपालिकाले सदुपयोग गर्न नसकेको
- कुनै कुनै करको शीर्षक सफ्टवेयरमा नहुँदा राजश्व अन्य शीर्षकमा संकलन गर्नु परेको
- वडामा भएका सडकहरू पिच समेत भईसकेको अवस्थामा लगत कट्टा नहुँदा क्षेत्र विभाजन गरी सम्पत्ति कर उठाउन नसकिएको

### १.४.७ *तथ्याङ्क विश्लेषण तथा मस्यौदा तयारी*

माथि उल्लिखित विभिन्न विधि र माध्यम, समूहगत छलफल तथा अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई विभिन्न तथ्याङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा आवश्यक राजश्व उपशाखाका कर्मचारीबाट इमेल, फोन तथा सामाजिक सञ्जालबाट संकलन गरिएको थियो । सम्भाव्यता विश्लेषणको प्रारम्भिक मस्यौदालाई राजश्व परामर्श समितिका संयोजक, राजश्व उपशाखा प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृत समक्ष पठाई आवश्यक सल्लाह सुझाव संकलन गरिएको थियो । राजश्व सुधार कार्ययोजनामा समावेश गरिने क्रियाकलाप राजश्व उपशाखा प्रमुख मार्फत प्राप्त गरियो । तथ्याङ्कको विश्लेषण र संकलित विवरणको आधारमा र राजश्व परिचालनको विद्यमान अवस्था, आन्तरिक राजश्वको शीर्षकगत कूल संभावना, राजश्व परिचालनमा देखिएका समस्या र सुधारका लागि गर्नुपर्ने कार्यहरू, र आगामी तिन आर्थिक बर्षको राजश्वको प्रक्षेपणको आधार तयार गरियो । यस प्रकार गरिएको विश्लेषण, प्राप्त नतिजा र सूचनाको आधारमा नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरियो ।

### १.४.८ *मस्यौदा प्रस्तुती तथा छलफल*

मस्यौदा प्रतिवेदन तयारी पश्चात आवश्यक सल्लाह र सुझाव संकलनको लागि नगरपालिका तथा गण्डकी प्रदेश प्रतिष्ठान समक्ष पेश गरियो । गण्डकी प्रदेश प्रतिष्ठानबाट प्राप्त सान्दर्भिक सुझावलाई समावेश गरियो । नगरपालिकाको आयोजना र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको सहयोग र सहजीकरणमा २०७८ असार १४ गते एक दिवसीय मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा नगरपालिकाको राजश्व परिचालनको विद्यमान अवस्था, आन्तरिक राजश्वका शीर्षकगत कूल संभावना, राजश्व परिचालन तथा सुधारको लागि गर्नुपर्ने कार्यहरू र त्यसको आधारमा आगामी तीन आर्थिक वर्षको राजश्व प्रक्षेपण सम्बन्धी विवरण मस्यौदा प्रस्तुत गरी उपस्थित पदाधिकारी, कर्मचारी र सरोकारवालाबाट सुझाव प्राप्त गरियो ।

मस्यौदाको प्रस्तुती तथा छलफल कार्यक्रममा प्राप्त उपयुक्त सुझावहरू समावेश गरी राजश्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज तयार गरियो । दस्तावेजलाई अन्तिम स्वरुप प्रदान गर्नु अघि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थानीय शासन सहयोग कार्यक्रमबाट समेत सुझाव प्राप्त गरिएको थियो ।

### १.४.९ *राजश्व सुधार कार्यायोजना अन्तिम दस्तावेज तयारी*

मस्यौदाको प्रस्तुती तथा छलफल कार्यक्रममा प्राप्त उपयुक्त सुझावहरू समावेश गरी राजश्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज तयार गरियो । दस्तावेजलाई अन्तिम स्वरुप प्रदान गर्नु अघि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थानीय शासन सहयोग कार्यक्रमबाट समेत सुझाव प्राप्त गरिएको थियो ।

## १.५ अध्ययनको सीमा

नगरपालिकाको राजश्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि कोभिड १९ को सन्त्रासाका वावजुद आवश्यक तथ्याङ्क संकलन गरी यो प्रतिवेदन तयार पारिएको छ । सीमित समय र प्रतिकुल परिस्थितिका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेकाछन् :

- अध्ययन तथा विश्लेषण कार्य सम्बन्धित क्षेत्रका कर्मचारी र पदाधिकारीसंग छलफल र तथा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।
- यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारपक्षसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- वडा कार्यालयमा गएर स्थलगत अध्ययन गर्ने समयको सिमितताले गर्दा वडा सचिवहरूसंगको अन्तरक्रिया सञ्चालन गरिएको थियो । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम विभिन्न शाखाबाट तथ्याङ्कहरू संकलन गरिएको थियो ।
- अध्यावधिक तथ्याङ्क नभएका क्षेत्रमा नगरपालिकाको वस्तुस्थिति विवरण २०७५ मा उल्लेख गरिएका तथ्याङ्कलाई आधार मानिएको छ ।
- विगत ३ आ.व.को यथार्थ आय प्राप्त नभएका विषयगत शीर्षक अनुसारको आयको वृद्धि दर निकाल्न नसक्दा वृद्धि दर अनुमानमा गरिएको छ ।

# परिच्छेद – दुई

## राजश्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था

नगरपालिकाको राजश्व परिचालनसंग सम्वन्धित आन्तरिक तथा वाह्य पक्षहरूलाई यस परिच्छेद अन्तर्गत विश्लेषण गरिएको छ । विशेषतः नगरपालिकाको परिचय, आन्तरिक आय परिचालनको विद्यमान अवस्था र हालका मुख्य सवालहरूलाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

### क) राजनीतिक तथा प्रशासनिक अवस्थिति

साविक वालिङ, धनुवासे र पेखुबाघखोर गाँउ विकास समिति मिलाएर नेपाल सरकारबाट मिति २०५३/१०/११ गते वालिङ नगरपालिका घोषणा गरिएको थियो । वि.सं. २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम गर्दा हालको वालिङ नगरपालिकामा साविकको वालिङ नगरपालिका, साविक माझकोट शिवालय, एलादी, जगत भञ्ज्याङ, केवरे भञ्ज्याङ, सिर्सेकोट र थुमपोखरा गा.वि.सहरूको सबै वडाहरू तथा छाङछाङ्दी गा.वि.सको १,४-६ वडाहरू, मल्याङकोटको वडा नं. ४ तिनदोबाटेको २ देखि ५ वडाहरू, कालिकाकोटको १,२,९ वडाहरू, पेलाकोटको ५,६ वडाहरू स्वरेकको २ देखि ४,८ वडाहरूलाई समेटिएको छ । वालिङ नगरपालिका स्याङ्जा जिल्लाकै करिब करिब मध्यभागमा अवस्थित छ । यस नगरपालिकाको बीच भागबाट ऐतिहासिक आंधीखोला बगेको छ । पर्यटकीय नगरी पोखरा र ऐतिहासिक स्थल लुम्बिनीलाई जोड्ने राष्ट्रिय राजमार्ग सिद्धार्थ मार्गले काटेर गएको वालिङ बजार आँधीखोलाको किनारमा पर्ने मुख्य व्यापारिक केन्द्र पनि हो । त्यसैले गर्दा यस नगरपालिकाले विविध संभावनाहरू बोकेको देखिन्छ । वालिङ नगरपालिका, प्रदेश सदरमुकाम पोखराबाट ६५ कि.मी. तथा जिल्ला सदरमुकाम पुतलीबजारबाट २७ कि.मी. टाढा रहेको छ ।

### ख) भौतिक, भौगोलिक अवस्थिति

वालिङ नगरपालिका गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाको ११ वटा स्थानीय तहहरूमध्ये एक पर्दछ । भौगोलिक हिसाबले ८३० ४१' ३६" देखि ८३० ५०' १८" पूर्वी देशान्तरसम्म तथा २८० ३ '२" देखि २७० ५५' २६" उत्तरी आक्षांशसम्म अवस्थित यो नगरपालिका एउटा प्राकृतिक र साँस्कृतिक विविधताले भरिपूर्ण पहाडी क्षेत्र हो । नगरपालिकाको नक्सा विश्लेषणको आधारमा १३३.८५ व.कि.मि क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा भीरकोट नगरपालिका, पश्चिमतिर गल्याङ न.पा. र पर्वत जिल्ला, दक्षिणमा गल्याङ न.पा. र चापाकोट न.पा. रहेको छ भने पूर्वमा बिरुवा गाउँपालिका र चापाकोट न.पा. रहेका छन । वालिङ नगरपालिका समुन्द्र सतहबाट ७३१ मिटरदेखि १५९६ मिटर उचाइसम्म रहेको छ । वालिङ बजारको छेउबाट बगिरहेको आँधीखोलाको पानीलाई ( जल) पौराणिक लेख अनुसार पवित्र सम्पूर्ण नगरवासीहरूको सहयोगबाट प्रदुषणमुक्त गराई तालको रूपमा ल्याउन सकेको खण्डमा यस वालिङ नगरपालिका ताल रहेको नगरपालिकाको रूपमा रहने र पर्यटकीय विकास हुन सक्ने बढी सम्भावना बोकेको छ साथै ऱ्याफ्टिङको उच्च सम्भावना देखिन्छ ।

### ग) ऐतिहासिक चिनारी र नामाकरण

परापूर्व कालमा खेतमा काम गर्ने खेतालाहरूले वाली वाली भन्दै गित गाउने गरेको र वालि वालि भन्दै गर्दा वालिङ नाम रहन गएको कथन पाइन्छ । यो नगरपालिका आँधिखोलाको दायाँबायाँ फैलिएको एक सानो पहाडी उपत्यका हो । वालिङ नगरपालिका ऐतिहासीक तथा धार्मिक दृष्टिकोणले प्रसिद्ध रमणीय क्षेत्रको रूपमा रहेको स्याङ्जा जिल्लाको करिब मध्य भाग भएर बग्ने प्राकृतिक आँधीखोलाले सिंचित भई, पर्यटकीय नगरी पोखरा र ऐतिहासिक स्थल लुम्विनीलाई जोड्ने राष्ट्रिय स्तरको सिद्धार्थ राजमार्गको परिधिमा अवस्थित नगरपालिका हो ।

### घ) क्षेत्रफल, भूबनौट तथा भूउपयोग

यस नगरपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ६१.५८ प्रतिशत अर्थात सबैभन्दा धेरै खेतीयोग्य जमिनले ओगटेको छ भने दोस्रोमा २२.१० प्रतिशतमा वन जङ्गल आवास क्षेत्र रहेको छ। घाँसे मैदान १२.०७ प्रतिशत र झाडी बुट्यान २.९२ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका २ : नगरपालिकाको भुउपयोग सम्बन्धी विवरण**

| क्र.सं. | जमिनको किसिम | क्षेत्रफल (वर्ग कि.मी.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | खेतीयोग्य जमिन | ८२.४३ | ६१.५८ |
| २ | वन जङ्गल | २९.५८ | २२.१० |
| ३ | झाडी बुट्यान | ३.९१ | २.९२ |
| ४ | घाँसे मैदान | १६.१६ | १२.०७ |
| ५ | खोलानाला | ०.६८ | ०.५१ |
| ६ | तटबन्द/कटान क्षेत्र | ०.०५ | ०.०४ |
| ७ | गिट्टी, बालुवा र ढुङ्गा | १.०५ | ०.७८ |
| | **जम्मा** | **१३३.९** | **१००** |

*स्रोत : वालिङ नगरपालिका वस्तुस्थिति विवरण, २०७५*

### ङ) जनसंख्या तथा घरपरिवार संख्या

यस नगरपालीकाको जम्मा जनसंख्या ४५६०८ रहेको छ। जसमध्ये महिला जनसंख्या २४५०० र पुरुष जनसंख्या २११०८ रहेको छ। यसरी हेर्दा प्रति १०० जना महिलामा पुरुषको जनसंख्या ८६.१६ मात्र रहेको छ। सबैभन्दा बढि जनसंख्या वडा नं. ९ मा र सबैभन्दा कम जनसंख्या वडा नं. ३ मा रहेको छ। नगरपालिकामा रहेका परिवारको औषत आकार ४.०१ रहेको छ।

**तालिका ३ : नगरपालिकाको जनसंख्या तथा घरधूरी सम्बन्धी विवरण**

| वडा नं. | घरपरिवार संख्या | जनसंख्या | | | परिवारको औषत आकार | लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुष) | वडाको क्षेत्रफल | जनघनत्व(प्रति वर्ग कि.मी. |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | | |
| १ | ८५१ | १७३९ | १८५२ | ३५९१ | ४.२२ | ९३.९० | ३९.९४ | ९० |
| २ | ५३४ | १०५५ | १२०६ | २२६१ | ४.२३ | ८७.४८ | ४.४३ | ५१० |
| ३ | ३४६ | ६७२ | ५६८ | १२४० | ३.५८ | ११८.३१ | ७.४६ | १६६ |
| ४ | ५१२ | ८९२ | १०४८ | १९४० | ३.७९ | ८५.११ | ११.७ | १६६ |
| ५ | ५७५ | ११५३ | १२६५ | २४१८ | ४.२१ | ९१.१५ | ८.०७ | ३०० |
| ६ | ७४८ | १४८० | १६२६ | ३१०६ | ४.१५ | ९१.०२ | ६.७१ | ४६३ |
| ७ | ५१३ | ९९० | ११०९ | २०९९ | ४.०९ | ८९.२७ | १०.२३ | २०५ |
| ८ | १,४२५ | २४२२ | २८३० | ५२५२ | ३.६९ | ८५.५८ | ११.०५ | ४७५ |
| ९ | १,७३२ | २९२९ | ३५९९ | ६५२८ | ३.७७ | ८१.३८ | ३.५६ | १८३४ |
| १० | ७२४ | १४३८ | १६१८ | ३०५६ | ४.२२ | ८८.८८ | ७.७४ | ३९५ |
| ११ | ६९० | ११८७ | १४९८ | २६८५ | ३.८९ | ७९.२४ | ९.७५ | २७५ |
| १२ | ६१९ | ११५९ | १४५६ | २६१५ | ४.२२ | ७९.६० | १२.६३ | २०७ |
| १३ | ९८१ | १९६७ | २३०८ | ४२७५ | ४.३६ | ८५.२३ | १३.१६ | ३२५ |
| १४ | १११६ | २०२५ | २५१७ | ४५४२ | ४.०७ | ८०.४५ | १७.९८ | २५३ |
| **जम्मा** | **११३६६** | **२११०८** | **२४५००** | **४५६०८** | **४.०१** | **८६.१६** | **१६४.४** | **२७७** |

*स्रोत : वालिङ नगरपालिका वस्तुस्थिति विवरण, २०७५*

## २.२ प्राकृतिक सम्पदा तथा स्रोतको अवस्था

### क) नदीनाला र ताल, पोखरी

यस नगरपालिकामा आँधी खोला, अर्मादी खोला, धौखोला, राम्दी खोला, कमेरे खोला, थुम्का, जिमिरे खोला, दुम्सी खोला, अंधेरी खोला, छिरलुङदी खोला, टुहुरे खोला, मिदी खोला, रस खोला, गैरी खोला, हर्रे खोला, बिसाउने राजु खोला, टुहुरे खोला, गोदी खोला, पचवादी खोला, बत्री खोला, बाँय खोला, धुवाङ खोला, बडर्दी खोला, च्याङदी खोला, खाल्टे खोला, अच्याङदी खोला, फौदी खोला, डुबिनदो खोला, फौदी खोला, दौवा खोला, तमादी, गायडाँडा जस्ता खोलाहरू रहेका छन । ती खोला मध्ये आँधी खोलाको विभिन्न क्षेत्रहरूबाट नदीजन्य पदार्थ उत्खनन गरी बिक्री गरिंदै आएको छ ।

## ख) वन तथा जैविक विविधता

यस नगरपालिकाको कूल क्षेत्र मध्ये २९.५८ वर्ग कि.मी. (२२.१० प्रतिशत) भू-भाग बनजंगलले ढाकेको छ । वालिङ नगरपालिकामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरूमा साल, श्रीखण्ड, रुद्राक्ष, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालिगुँरास, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन् । चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुंगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके, मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुल्ला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, नीलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुल्ला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन् ।

## ग) सामुदायिक वन तथा मध्यवर्ती क्षेत्र

यस नगरपालिकामा रहेका ८७ वटा सामुदायिक वन र १ वटा कबुलियती वन रहेका छन । स्याङ्जा जिल्लामा रहेको वालिङ नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको विक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्ति गरी जिल्लाभित्रकै अन्य नगरपालिका तथा ग्रामीण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ । यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसङ्ख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाइन्छ । वालिङ नगरपालिकाभित्र रहेका सा.व.उ.समूहका उपभोक्ताहरूलाई आवश्यक पर्ने काठ, दाउरा सम्बन्धित सा.व.उ.समूहको स्वीकृत वन कार्ययोजना अनुसार समूहबाट नै आपूर्ति हुने गरेको अवस्था रहेको छ ।

## घ) दृष्यावलोकन क्षेत्र

यस नगरपालिकामा धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थानहरू रहेका छन् । ती स्थानहरू मध्ये वडा नं ३ मा रहेको भ्यूटावर, वडा नं ५ आरुपाटामा अवस्थित भ्यू टावर, वडा नं १२ चन्द्रकोट स्थित भ्यू टावर प्रमुख रुपमा रहेका छन । यस नगरपालिकामा विभिन्न वडाहरू गरेर २८ वटा मनोरञ्जन तथा वनभोज स्थलहरूको पहिचान गरिएको छ ।

## ङ) ढुंगा, गिट्टी, बालुवा, स्लेट, माटो

यस नगरपालिकाको चुरे पर्वतमालामा ठूलो मात्रामा चुनढुंगा उपलब्ध हुन सक्ने सम्भावना देखिएको छ । त्यसैले वातावरणीय र पर्यावरणीय प्रभाव मूल्याङ्कन गरेर उक्त क्षेत्रमा उत्खनन्सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ । उपलब्ध हुने अन्य कच्चा पदार्थमा गिट्टी, ढुंगा, बालुवा, कोइला, आदि प्रसस्त मात्रामा रहेका छन । यस सम्भावनाको अध्ययन गरी विभिन्न प्राकृतिक स्रोतको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र बलियो बनाउन सक्ने सम्भावना रहेको छ ।

### उपयोगको वर्तमान अवस्था

यस नगर क्षेत्र भएर बग्ने आँधी खोलाको ओडारे त्रियासी क्षेत्र, छयाङछयाङदी, मिर्मी क्षेत्र, भू.पू. सैनिक क्षेत्र, औद्योगिक क्षेत्र, उदियाचौरका २ वटा क्षेत्र, बाँयाटारीका २ वटा क्षेत्रबाट गिट्टी, ढुंगा, बालुवाको अमानत प्रक्रियाबाट बिक्री गरिंदै आएको छ ।

## २.३ प्रमुख पूर्वाधार तथा सुविधाको अवस्था

### क) बसपार्क, पार्किङ्गस्थल

नगरपालिकामा व्यवस्थित रुपमा बसपार्क तथा पार्किङ्ग स्थल सञ्चालनमा आएको छैन । बजारको मर्दी, वालिङ मोड (बजार), रामबाच्छा, भुम्रे चोक, बायाँटारी, त्रियासी बजार क्षेत्रमा सडकको किनारामा नै सवारी साधन पार्किङ्ग गरिंदै आएकोछ ।

### ख) कृषि बजार तथा संकलन केन्द्र सम्बन्धी विवरण

नगरपालिकामा विभिन्न बजारहरूबाट कृषि लगायत अन्य बस्तुहरूको (तरकारी, आलु, फलफूल तथा दैनिक उपभोग्य अन्य बस्तुहरू) बजारीकरण हुने गरेको देखिन्छ । नगरपालिकामा लाग्ने कृषि बजारहरू सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छः

**तालिका ४ : कृषि बजार तथा कृषि संकलन केन्द्र सम्बन्धी विवरण**

| *वडा नं* | *कृषि बजारको नाम* | *बजारको किसिम* |
|---|---|---|
| १ | रामबाच्छा | खुद्रा बजार |
| १ | त्रियासी बजार | सङ्कलन केन्द्र |
| ६ | मिर्दी | खुद्रा बजार |
| ८ | ढाव खोला | खुद्रा बजार |
| ९ | भुम्रे | खुद्रा बजार |
| १० | भकुण्डे | खुद्रा बजार |

*स्रोत : वालिङ नगरपालिका वस्तुस्थिति विवरण, २०७५*

### ग) सार्वजनिक शौचालय

वालिङ नगरपालिकाको वालिङ मोड, वालिङ खेल मैदान, भकुण्डे गरी ३ स्थनमा सार्वजनिक शौचालय सञ्चालनमा ल्याइएको छ । यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ५ : नगर क्षेत्रका सार्वजानिक शौचालय सम्बन्धी विवरण**

| क्र.सं. | सार्वजनिक शौचालय भएको स्थान | वडा नं |
|---|---|---|
| १ | वालिङ मोड | ८ |
| २ | वालिङ खेलमैदान | ८ |
| ३ | भकुण्डे | १० |

*स्रोत : वालिङ नगरपालिका वस्तुस्थिति विवरण, २०७५*

## २.४ आर्थिक अवस्था

### क) व्यापार तथा व्यवसाय

यस नगरपालिका क्षेत्रमा सञ्चालन भएका र २०७८ बैशाख १२ गतेसम्म वालिङ नगरपालिकामा दर्ता भएका व्यापार तथा व्यवसायहरूको विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ६ : व्यवसाय सम्बन्धी विवरण**

| क्र.सं. | व्यवसायको किसिम | संख्या |
|---|---|---|
| १ | इलेक्टोक्सि एण्ड इलेक्टीकल्स | ५ |
| २ | विविध उद्योगहरू | ४२ |
| ३ | औषधि पसल | ७ |
| ४ | कपडा पसल | ६ |

| क.सं. | व्यवसायको किसिम | संख्या |
|---|---|---|
| ५ | कम्प्युटर तथा शिक्षा सेवा | १४ |
| ६ | किराना पसल | १५९ |
| ७ | होटल रेष्टुरेण्ट तथा खाजा घर | १०७ |
| ८ | टेलर्स | ३८ |
| ९ | तरकारी तथा फलफूल पसल | ८ |
| १० | निर्माण सामग्री व्यवसाय | २२ |
| ११ | विशेषज्ञता तथा परामर्श सेवा | २ |
| १२ | कृषि तथा पशु फर्म | १३२ |
| १३ | फेन्सी पसल | ४५ |
| १४ | फोटो स्टुडियो | ४ |
| १५ | फ्रेस हाउस | ३१ |
| १६ | बैंक तथा वित्तिय संस्था | २४ |
| १७ | ब्यूटीपार्लर | ३२ |
| १८ | भांडा पसल | ८ |
| १९ | मदिरा पसल | ५ |
| २० | मर्मत तथा संभार सेवा | १८ |
| २१ | व्यापारिक वस्तु | ७ |
| २२ | शिक्षा तथा सञ्चार सेवा | १७ |
| २३ | सुन चाँदी पसल | ८ |
| २४ | स्टेसनरी | ७ |
| २५ | स्वास्थ्य सेवा | ६ |
| २६ | हार्डवेयर पसल | ४ |
| २७ | अन्य व्यवसाय | ७३ |

*स्रोत : वालिङ नगरपालिका वस्तुस्थिति विवरण, २०७५*

### ख) वैंक तथा वित्तीय संस्था

वालिङ नगरपालिकामा १८ वटा वाणिज्य बैंक, ५ वटा विकास बैंक, ९ वटा लघुवित्त, ६ वटा महिला सहकारी र ६४ वटा अन्य सहकारी र १ वटा फाइनान्स कम्पनी रहेका छन । सदस्य संख्या र कारोवार रकमको हिसाबले सहकारी संस्थाहरूको लगानी बढी देखिएको छ ।

## २.५ सांस्कृतिक तथा पर्यटकीय उत्कृष्टता

### क) साँस्कृतिक तथा पर्यटकीय स्थल र सम्पदाहरू

वालिङ नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउनेर माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन ( जनैपुर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पुर्णिमा, श्री स्वस्थानी पुर्णिमा, अंग्रेजी नयाँ वर्ष, कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन । यस नगरपालिकामा मनाईने मुख्य जात्रा मेलासम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

### ख) प्रमुख विशेषता

यस नगरपालिकामा जातिगत र साँस्कृतिक विविधता रहेको पाईन्छ । यस नगरपालिका वासिन्दाहरूले मनाउने प्रमुख चाडपर्व र मेलाहरूमा पनि विविधता रहेको छ। विजया दशमी, दिपावली, होली, रामनवमी, माघे संक्रान्ती, तिज, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, बुद्ध जयन्ती आदि प्रमुख चाडपर्वहरू र शिवरात्री मेला, पर्यटन कृषि दशैं मेला, लाखे नाच, गाईजात्रा, हिलेजात्रा, बाघ जात्रा, कृष्ण जात्रा, न्युदयाभुम्तुना, बेलविवाह, घिउकारी जस्ता मेलाहरूले नगरपालिकाको साँस्कृतिक वैभवलाई उच्च राख्न मद्दत गरेका छन् ।

## २.६ नगरपालिकाको सम्पत्ती विवरण

यस नगरपालिकाको स्वामित्वमा रहेका जग्गा तथा भवन तथा ती जग्गा तथा भवनको उपयोग सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका ७ : नगरपालिकाको स्वामित्वमा रहेका जग्गा तथा भवन सम्बन्धी विवरण**

| क | स्वामित्वमा रहेको जग्गा | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | कित्ता नं. | क्षेत्रफल | | | | हालको उपयोग |
| | | रोपनी | आना | पैसा | दाम | |
| १ | ११३५ | ० | ७ | २ | ३ | सिद्धार्थ राजमार्ग |
| २ | २३० | ० | १ | २ | १ | वडा न १ खहरे |
| ३ | २२४६ | ० | ७ | २ | ० | गह्रौ घ्याङलिङ प्रा.अस्पताल |
| ४ | ११८४ | ० | २ | ३ | ० | सार्वजनिक सडक |
| ५ | ११८७ | ० | ३ | २ | २ | सार्वजनिक सडक |
| ६ | २१४० | ० | ५ | ३ | १ | नगरपालिका कार्यालय भवन रहेको जग्गा |
| ७ | २१४२ | ० | १२ | ० | ० | |
| ८ | २१४६ | १ | १२ | ० | ० | |
| ९ | २१५१ | ० | ८ | १ | ० | |
| १० | २१५३ | ० | ९ | १ | ० | |
| ११ | | ३ | ३ | ० | १ | कित्ताकाट हुन बाँकी |
| १२ | २२३९ | ० | २ | २ | १ | बसपार्क निर्माणका लागि खरिद भएको जग्गा |
| १३ | २२४० | ० | ० | ३ | ३ | |
| १४ | २८०० | ० | ४ | ३ | ० | |
| १५ | १४४५ | २ | ८ | ० | ० | |
| १६ | ३९४२ | १ | १० | २ | २ | |
| १७ | ३९३७ | ६ | ३ | १ | १ | |
| १८ | ३९४० | १३ | ३ | २ | २ | |
| १९ | ७५१ | ० | ९ | ० | २ | |
| २० | २११२ | ० | २ | ० | ० | वडा नं २ कार्यालय निर्माणकालागि प्राप्त जग्गा |
| २१ | २११४ | ० | २ | ० | ० | |
| २२ | २१०४ | ० | ४ | ० | ० | |
| जम्मा | | ३३ | ४ | १ | ३ | |

| ख | कार्यालय भवन नभएका वडाहरू | |
|---|---|---|
| वडा नं | विवरण | अवस्था |
| १ | आफ्नै वडा कार्यालय | भएको |
| २ | वडा नं २ कार्यालय | नभएको |
| ३ | वडा नं ३ कार्यालय | भएको |
| ४ | वडा नं ४ कार्यालय | भएको |
| ५ | वडा नं ५ कार्यालय | भएको |

| ख | कार्यालय भवन नभएका वडाहरू | |
|---|---|---|
| ६ | वडा नं ६ कार्यालय | भएको |
| ७ | वडा नं ७ कार्यालय | भएको |
| ८ | वडा नं ८ कार्यालय | नभएको |
| ९ | वडा नं ९ कार्यालय | नभएको |
| १० | वडा नं १० कार्यालय | नभएको |
| ११ | वडा नं ११ कार्यालय | नभएको |
| १२ | वडा नं १२ कार्यालय | भएको |
| १३ | वडा नं १३ कार्यालय | नभएको |
| १४ | वडा नं १४ कार्यालय | भएको |

### ग) सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्र्याक्टर आदि)

यस नगरपालिकामा रहेका सवारी साधन तथा निर्माण साधन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ८ : नगरपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण**

| क्र.सं. | मेसिन औजार तथा अन्य उपकरण | इकाई | संख्या | हालको उपयोग | भाडा दर रु |
|---|---|---|---|---|---|
| १ | टिप्पर टाटा | संख्या | २ | भाडामा | ८००० प्रति दिन |
| २ | टिप्पर आइचर | संख्या | २ | भाडामा | ८००० प्रति दिन |
| ३ | महेन्द्रा बलेरो जीप | संख्या | १ | अफिस प्रयोजन | |
| ४ | स्कर्पियो एस ४ प्लस | संख्या | १ | अफिस प्रयोजन | |
| ५ | पिकअप डबल क्याब | संख्या | १ | अफिस प्रयोजन | |
| ६ | दमकल | संख्या | १ | अग्नि नियन्त्रण | निशुल्क |
| ७ | मोटरसाइकल | संख्या | १७ | अफिस प्रयोजन | |
| ८ | स्कुटर | संख्या | ७ | अफिस प्रयोजन | |
| ९ | पानी ट्यांकी | संख्या | १ | भाडामा | २००० प्रति दिन |
| १० | रोलर | संख्या | १ | भाडामा | १००० प्रति दिन |
| ११ | ब्याकहो लोडर | संख्या | १ | भाडामा | २२०० प्रति घण्टा |
| १२ | एक्साभेटर | संख्या | १ | भाडामा | ४५०० प्रति घण्टा |
| १३ | लोडर | संख्या | १ | भाडामा | |
| १४ | एक्साभेटर ब्रेकर समेत | संख्या | १ | भाडामा | ५५०० प्रति घण्टा |
| १५ | कंक्रिट कटर | संख्या | १ | भाडामा | २००० प्रति दिन |

*स्रोत : वालिङ नगरपालिका कार्यालय, २०७८*

## २.७ संगठन तथा राजश्व प्रशासन

### क) राजश्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानून

यस नगरपालिकाले राजश्व परिचालनसंग सम्बन्धित ऐन, निर्देशिका, कार्यविधि निर्माण गरेको छ । राजश्वसंग सम्बन्धित ऐन, निर्देशिका तथा कार्यविधिहरू गरी १६ वटा निर्माण गरिएका छन ।

- स्थानीय तहको आर्थिक ऐन (४ वर्षको)
- स्थानीय तहको विनियोजन ऐन (४ वर्षको)
- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५
- सहकारी ऐन, २०७५
- सार्वजानिक निजी साझेदारी सम्बन्धमा गर्न बनेको ऐन, २०७५
- कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५
- स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७५

- बजार व्यवस्थापन तथा अनुगमन नियमावली, २०७६
- उपभोक्ता समिति कार्य सञ्चालन कार्यविधि, २०७४
- 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५
- आन्तरिक आय संकलन तथा आय(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७
- उद्यमशिलता व्यवसाय प्रवर्द्धन तथा नवप्रर्वतन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७७
- वालिङ नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७७
- एफ.एम.रेडियो व्यवस्थापन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७
- फोहरमैला व्यवस्थापन ऐन २०६८
- फोहरमैला व्यवस्थापन नियमावली २०६८

**राजश्व परिचानकालागि आवश्यक देखिएका कार्यविधिहरु**

- सम्पत्ति कर तथा मालपोत संकलन कार्यविधि
- घर जग्गा बहाल कर कार्यविधि
- बहाल विटौरी शुल्क संकलन कार्यविधि
- पार्किङ शुल्क संकलन कार्यविधि

## ख) संगठन संरचना

यस नगरपालिकामा राजश्व उपशाखाको स्थापना गरिएको छ । यस अन्तर्गत अधिकृत स्तर छैटौंस्तरको १ जना , सहायक स्तर चौथो १ जना र सहायक कम्प्युटर अपरेटर १ जना गरी जम्मा ३ जना कार्यरत रहेको अवस्था छ। यस नगरको संगठन संरचना अद्यावधिक गरिएको छैन ।

## ग) मानव संशाधन/कर्मचारी र कार्यविवरण

यस नगरपालिकाको राजश्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा निजी क्षेत्रको प्रतिनिधित्व गर्ने उद्योग तथा वाणिज्यसंग सम्वन्धित संस्थाहरूको प्रतिनिधिहरू समेत रहेको ७ सदस्यीय राजश्व परामर्श समितिको गठन भै कार्यरत रहेको छ ।

**तालिका ९ : राजश्व परामर्श समितिको नामावली**

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री कल्पना तिवारी | उपप्रमुख | संयोजक |
| २ | श्री राजन भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री आनन्द पाठक | वडाध्यक्ष | सदस्य |
| ४ | श्री रेखा थापा | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री अर्जुन प्रसाद खनाल | उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | श्री राजु तिवारी | उद्योगी वयवसायी | सदस्य |
| ७ | श्री पदम प्रसाद पाण्डेय | राजश्व शाखा प्रमुख | सदस्य सचिव |
| ८ | श्री रुपेन्द्र बगाले | घरेलु तथा साना उद्योग | आमन्त्रित सदस्य |

*स्रोत : वालिङ नगरपालिका कार्यालय, २०७८*

## कर्मचारी विवरण

राजश्व उपशाखामा एक जना अधिकृतस्तर, एक जना सहायकस्तर पाँचौ, र एक जना सहायक कम्प्युटर अपरेटर गरी तीन जना कर्मचारीबाट कार्यसम्पादन भइरहेको छ । राजश्व उपशाखामा कार्यरत कर्मचारी सम्वन्धी विवरण पद र तह उल्लेख गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## घ) राजश्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

राजश्व उपशाखामा एक जना अधिकृतस्तर, एक जना सहायकस्तर पाँचौ, र एक जना सहायक कम्प्युटर अपरेटर गरी तीन जना कर्मचारीबाट कार्यसम्पादन भइरहेको छ । राजश्व शाखामा कार्यरत कर्मचारी सम्वन्धी विवरण पद र तह उल्लेख गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १० : नगरपालिकाको राजश्व उपशाखामा कार्यरत कर्मचारी सम्वन्धी विवरण

| क्र.सं. | नाम | पद | संख्या |
|---|---|---|---|
| १ | श्री पदम प्रसाद पाण्डेय | अधिकृत स्तर छैटौं | १ |
| २ | श्री बुद्धिसागर भण्डारी | सहायक स्तर चौथो | १ |
| ३ | श्री कृष्ण राना | सहायक कम्प्युटर अपरेटर | १ |
| | जम्मा | | ३ |

*स्रोतः वालिङ नगर कार्यपालिकाको कार्यालय, २०७७*

### ङ) कार्यकक्ष तथा कार्यस्थलको प्रर्याप्तता

राजश्व उपशाखाको लागि २ वटा कोठाको व्यवस्था गरिएको छ । १४ वटा वडाहरूको कार्यालयमा राजश्व संकलनकालागि २ कम्प्युटर, १ प्रिन्टर र १ वटा स्क्यानरको व्यवस्था गरिएको छ । सबै वडाहरूमा सफ्टवेयर जडान गरी राजश्व संकलन गर्ने गरिएको छ ।

### च) फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू

यस उपशाखामा २ वटा कम्प्युटर, १ वटा प्रिन्टर, र १ वटा स्क्यानर ३ वटा टेबल र  २ वटा दराजको व्यवस्था गरिएको छ । यातायातका लागि कुनै पनि साधन उपलब्ध गराइएको छैन । यस उपशाखामा कार्यरत कर्मचारीको लागि कर्मचारी आफ्नै मोटरसाइकल र स्कुटर प्रयोग गर्ने गरिएको छ । नगरपालिकाले २ वटा मोटरसाइकलको लागि प्रति महिना १४ लीटर र स्कुटरको लागि ५ लिटर गरी जम्मा १९ लीटर पेट्रोल उपलब्ध गराउँदै आएको छ ।

### छ) राजश्व परिचालन सम्बन्धी प्रक्रियागत र प्रशासनिक व्यवस्था

संगठन संरचनामा यस नगरपालिकाले प्रशासन अनुगमन तथा योजना शाखा अन्तर्गत राजश्व उपशाखा गठन गरी राजश्व परिचालनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू उक्त उपशाखा मार्फत् हुँदै आईरहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजश्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छ :

- राजश्व व्यवस्थापन उपशाखामा हाल अधिकृत छैटौ तहको १ जना र सहायक चौथो १ जना, सहायक कम्प्युटर अपरेटर १ जना गरी ३ जना कार्यरत रहेको छ ।
- राजश्व उपशाखाका लागि बेग्लै कार्यकक्षको व्यवस्था गरी कम्प्युटर, प्रिन्टर, सफटवेयर तथा फर्निचरको व्यवस्था गरिएको छ ।
- राजश्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरूको कार्यविवरण रहेको छैन ।
- उपशाखामा विगत आ.व.मा संकलन भएका राजश्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजश्व बजेट, विभिन्न ठेक्का प्रक्रियाका दस्तावेजहरू, राजश्व परिचालनसंग सम्बन्धित ऐन, कानुन तथा कार्यविधिहरू जस्ता आवश्यक तथ्याङ्क तथा दस्तावेजहरू व्यवस्थित रुपमा राखिएको छ ।
- नगरपालिकाले राजश्व संकलनको लागि शहरी विकास मन्त्रालयबाट निर्मित इन्फोटेक सफ्टवेयरबाट राजश्व संकलन गर्दै आएको छ । आर्थिक ऐनमा भएका कर तथा गैर करका दरलाई राजश्वका संकेत अनुसार उक्त सफ्टवेयरमा सेट गरी राजश्व संकलन गर्दै आएको छ ।
- नगरपालिकाको राजश्व उपशाखा तथा १४ वटै वडा कार्यालयहरूमा उक्त सफ्टवेयर जडान गरी कम्प्युटरको प्रयोग गरी बिल काटिँदै आएको छ ।
- राजश्व सफ्टवेयर संचालन सम्बन्धी वडा कार्यालयका सम्बन्धित कर्मचारीहरू तथा राजश्व उपशाखाका कर्मचारीहरूलाई राजश्व सम्बन्धी ज्ञानको कमी रहेको देखिन्छ ।

- सफ्टवेयरमा राजश्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजश्व कोड तथा शीर्षक अनुसार पुरा नभएकाले संकलन गरिएको राजश्वका शीर्षकहरू नमिल्दा अन्य करमा रकम काटिने गरेको छ।
- नगरकार्यपालिका कार्यालयबाट देहायका शीर्षकमा राजश्व संकलन हुने गरेको छ :
  - ठेक्का बन्दोवस्त भई संकलन हुने आय
  - नक्सापास दस्तुर
  - बोलपत्र बिक्री
  - घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर
  - स्कुलको सिफारिस तथा अनुमती दस्तुर
  - वडा कार्यालयबाट संकलन गर्न नमिल्ने विविध सिफारीश दस्तुरहरू
  - दण्ड तथा जरिवाना आदि ।
- माथि उल्लेखित बाहेकका निम्नलिखित राजश्व वडा कार्यालयले नै संकलन गर्ने गरेको छ :
  - मालपोत करको बक्यौता
  - सम्पत्ति कर
  - घटना दर्ता विलम्ब दस्तुर
  - चार किल्ला प्रमाणित
  - घरबाटो सिफारिस
  - जग्गा नामसारी सिफारिस
  - जाति सिफारिस
  - आय स्रोत प्रमाणित
  - कर चुक्ता सिफारिस
  - नाता प्रमाणित दस्तुर
  - विद्युत जडान तथा नाम सारी सिफारिस
  - बहाल कर
  - नक्सापास सिफारिस
  - कृषि फर्म सिफारिस
  - व्यवसाय कर
  - घरजग्गा बहाल कर
  - जरिवाना आदि ।
- वडा कार्यालयहरूबाट संकलित राजश्व अनलाइन प्रविधिबाट बिल काट्ने र उठेको रकम दैनिक/साप्ताहिक/मासिक रुपमा बैंक दाखिला गर्ने गरिएको छ।
- राजश्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा तयार भएको स्थिति देखिन्छ।
- आर्थिक ऐनमा कर, शुल्क र दस्तुर राजश्व अधिकारका सबै शीर्षकहरूमा दर निर्धारण नभएको तथा उपयुक्त शीर्षकमा आम्दानी प्रविष्ट नगरिएको ।
- राजश्वको अनुमान र यथार्थ संकलन बीचको तालमेल कमी रहेको छ।
- मालपोत करको शुरुवात आगामी वर्ष देखि गर्नुपर्ने, र वहाल विटौरी शुल्कको शुरुवात गर्नुपर्ने देखिएको छ।
- आ.व २०७७/७८ को नीति तथा कार्यक्रममा कोभिड १९ को महाव्याधी र यसको रोकथाम र नियन्त्रणका गरिएका लकडाउन र निषेधाज्ञाले आर्थिक क्षेत्रमा पारेको प्रभावलाई सम्बोधनका लागि लगानीको वातावरण सिर्जना र करदातालाई प्रत्यक्ष लक्षित गरी छुट र सहुलियतको व्यवस्था नभएको

- घरले चर्चेको नम्बरी जग्गामा सम्पत्ति कर र त्यसभन्दा बाहेकको जग्गामा मालपोत कर र ऐलानी जग्गा तथा त्यस जग्गामा बनेको घरमा बहाल विटौरी शुल्क लिनुपर्ने
- सम्पत्ति कर व्यवस्थापन कार्यविधि बनाई लागु गर्नुपर्ने
- नगरपालिकाले राजश्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ देहाय अनुसारका प्रयासहरू भएका छन
    - *राजश्व परिचालन सम्बन्धी १६ वटा आवश्यक ऐन, नीति, कार्यविधिको निर्माण गरिएको*
    - *राजश्व उपशाखा र १४ वटै वडामा राजश्व संकलन सफ्टवेयरको प्रयोग गरिएको*
    - *राजश्व उपशाखाको लागि अलग्गै कोठाको व्यवस्था गरी कम्प्युटरबाट बिल काट्ने प्रणालीको विकास भएको*

### ज) राजश्व सम्बन्धी डाटावेस, राजश्व प्रशासनमा सफ्टवेयर र सोको प्रयोग

राजश्व संकलनको लागि शहरी विकास मन्त्रालयबाट निर्माण गरिएको इन्फोटेक सफ्टवेयर प्रयोग गरिएको छ । यस सफ्टवेयरमा आर्थिक ऐनमा व्यवस्था गरिएका करका दरहरू प्रविष्ट गरिएका छन । सबै सेवाग्राहीको विवरण यस सफ्टवेयरमा प्रविष्ट गरिएको छ । कुनै सेवाग्राहीको नामबाट खोजी गरेपछि नीजले तिर्नुपर्ने राजश्व रकम देखा पर्दछ र कम्प्युटर विलिङ्ग सिष्टमबाट विल उपलब्ध गराइन्छ ।

### झ) कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग

आर्थिक ऐनमा उल्लेख गरिएका विभिन्न विषयका कर तथा गैर करका दरहरू सफ्टवेयरमा सेट गरिएको छ । कुन शीर्षकको राजश्व हो सोही अनुसार कम्प्युटरमा प्रविष्ट गर्नासाथ नीजले तिर्नुपर्ने शुल्क देखिन्छ । सबै वडामा यस किसिमको सफ्टवेयरको व्यवस्था गरिएको छ । वडाबाट संकलन नगरिने घर नक्सा पास तथा घ वर्गको इजाजत पत्रको लागि नगरपालिकाको राजश्व उपशाखाबाट संकलन हुने गर्दछ ।

### ञ) नगद संकलन र वैक दाखिला र अभिलेख व्यवस्थापन

राजश्व संकलनको लागि १४ वटै वडा तथा नगरकार्यपालिकाको कार्यालयबाट संकलन गर्न सकिने व्यवस्था गरिएको छ । वडाबाट संकलन भएको रकम दैनिक रुपमा बैंक खातामा जम्मा गनाइएको छ ।

### ट) वडा कार्यालयको राजश्व परिचालनको जिम्मेवारी, भौतिक अवस्था र कर्मचारी

वडा कार्यालयबाट संकलन गरिने राजश्वको लागि संबन्धित वडाका सचिवलाई जिम्मेवारी तोकिएको छ । यस नगरका १४ वटा वडा मध्ये केही वडाहरू आफ्नै भवनमा वडामा कार्यालय राखेर कार्य सम्पादन गरेका छन भने केही वडाहरू निर्माणधिन अवस्थामा रहेका छन । सबै वडामा कम्प्युटर, प्रिन्टर लगायतका साधनहरूको व्यवस्था गरी सफ्टवेयरको पनि व्यवस्था गरिएको छ ।

## २.८ विगतको आय संकलन तथा राजश्व संरचनाको अवस्था

यस नगरपालिकाको विगत ३ बर्षको आयको तुलनात्मक विवरण हेर्दा महालेखा परीक्षकबाट स्वीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या अनुसार राजश्वको लेखा प्रणाली अनुसरण गर्न प्रयास गरेको देखिन्छ ।

### *२.८.१ राजश्व संकलनको अवस्था*

नगरपालिकाको विगत तीन आर्थिक बर्षको यथार्थ आय, चालु आ.व. २०७७/७८ को संशोधित अनुमान र चैत्र मसान्तसम्मको संकलित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाईएको छ । गत ३ आ.व.को यथार्थ आयको आधारमा वृद्धि दर पत्ता लगाइएको छ ।

तालिका ११ : ३ आ.व.को यथार्थ र चालू आ.व.को अनुमान र प्राप्ति(रु.०००)

| क.सं | विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | वृद्धि दर | २०७७/७८ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | चैत्र मसान्त सम्म |
| **क)** | **कर तथा गैर कर राजश्व** | **१८,५६४** | **२९,५०६** | **३१,१५८** | **३०** | **४३,०२३** | **४२,३३८** |
| **१** | **कर** | **६,१४०** | **१२,००६** | **१४,३०७** | **५३** | **१८,४४८** | **१३,२५१** |
| ११३१३ | सम्पत्ति कर | ५,१६१ | ५,३८० | ४,९१६ | -२ | ६,६५० | ४,९६१ |
| ११३१४ | भूमी कर (मालपोत) | ९७ | ११७ | ५९ | -२२ | २७५ | ४० |
| ११३२१ | घर बहाल कर | ३७३ | ३,४९२ | ३,०६६ | १८७ | २,५०० | ३,७७० |
| ११४५१ | सवारी साधन कर | १५ | ७ | १९९ | २६४ | ३५० | १७० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | १,७३० | ४,२८७ | ० | ४,२०० | ३,२८३ |
| ११४७० | विज्ञापन कर | ० | २ | ० | ० | ४५० | ० |
| ११६३२ | जडिबुटी तथा कवाडी कर | ० | ६२२ | ६२३ | ० | ६२३ | ० |
| ११३२२ | बहाल विटौरी शुल्क | ० | ० | १०० | ० | ६४५ | ६८ |
| ११४७१ | अन्य मनोरञ्जन कर | ० | ० | ५३ | ० | १५५ | ० |
| ११६९१ | अन्य कर | ० | ० | ३२ | ० | १०० | ३ |
| १४६११ | व्यवसाय कर | ४९४ | ६५६ | ९७२ | ४० | २,५०० | ९५६ |
| **२** | **गैर कर** | **१२,४२४** | **१७,५००** | **१६,८५१** | **१६** | **२४,५७५** | **२९,०८७** |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ६३७ | ० | ५०० | ५८५ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १,३१२ | ० | ० | ० | ० | १,९१४ |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ३५ | ० | १,३४९ | ० | ० | ० |
| | *ढुङ्गा, गिट्टी, बालुवा बिक्री* | ० | १,२९० | १,८५४ | ० | ५,००० | ६,३६० |
| | *फोहरमैला व्यवस्थापन सेवा शुल्क* | ३०८ | १,४६९ | १,९७४ | १५३ | १,५०० | २,०३१ |
| १४२२१ | न्यायिक दस्तुर | ० | ० | ० | ० | ० | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १९८ | १५७ | १६४ | -९ | २७५ | २५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ती मूल्याङ्कन सेवा शुल्क आदि) | ० | ० | ३२२ | ० | २,८०० | ४,३६१ |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ४,१५० | ४,३५६ | ३,२५० | -१२ | ५,००० | ६,३८९ |
| १४२४३ | सिफारिस दस्तुर | ४,८९६ | ६,२७९ | ५,३५९ | ५ | ६,००० | ६,१०६ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १७२ | १५२ | १९६ | ७ | २०० | २३१ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ४८१ | ६२८ | ५०८ | ३ | ६०० | ४९१ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत | ८११ | ३,०२२ | ७९५ | -१ | १,००० | ५३१ |

| क्र.सं | विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | वृद्धि दर | २०७७/७८ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | चैत्र मसान्त सम्म |
| | आदि) | | | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ६१ | ६८ | २०६ | ८४ | २०० | १६१ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | ० | ० |
| १४५२९ | अन्य राजस्व | ० | ७९ | ८७४ | ० | २,००० | ४८७ |
| **ख.** | **राजस्व बाँडफाँट** | **३,३०५** | **९३,२८७** | **९१,५०४** | ४२६ | **१२०,९८७** | **७७,७९०** |
| ***ख.१*** | ***नेपाल सरकार*** | **३,३०५** | **७५,६२८** | **७५,६११** | ३७८ | **१०२,२६८** | **५९,२२२** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ३,३०५ | ० | ७५,६११ | ० | १०२,२६८ | ५९,२२२ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ७५,६२८ | ० | ० | ० | ० |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ० | ० | ० | ० | ० |
| ***ख.२*** | ***प्रदेश सरकार*** | **०** | **१७,६५९** | **१५,८९३** | ० | **१८,७१९** | **१८,५६८** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ११,०७२ | ८,९५९ | ० | १०,००० | ११,०११ |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ० | ६,५८७ | ६,९३४ | ० | ८,७१९ | ७,५५७ |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ० | ० | ० | ० | ० |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **६२८,९८६** | **६५१,५७२** | **६५९,३९१** | २ | **५९९,०३८** | **३९०,६५५** |
| ***ग.१*** | ***नेपाल सरकार*** | **६२८,९१६** | **६३४,४४६** | **६३०,२२०** | ० | **५७६,३००** | **३७६,०८४** |
| १३३११ | समानीकरण अनुदान | २५१,५२१ | १४६,३०० | १५७,४०० | -२१ | १५४,७०० | ११६,०२५ |
| १३३१२ | ससर्त अनुदान चालु | २३१,९९७ | ३०३,६५९ | ० | ० | ३८६,९०० | २४५,१५९ |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | ० | ७५,०११ | ० | ० | ० |
| १३३१४ | विशेष अनुदान चालु | १०,६५८ | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | ० | ३७५,००० | ० | १०,००० | ५,००० |
| १३३१६ | समपुरक अनुदान चालु | २७,२८८ | २७,२८८ | १६,००० | -२३ | २०,००० | ९,९०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | ० | ० | ० | ० | ० |
| १३३१८ | अन्य अनुदान चालु ( सामाजिक सुरक्षा समेत) | १०७,०५२ | १००,८९० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ४०० | ५६,३०९ | ६,८०९ | ३१३ | ४,७०० | ० |
| ***ग.२*** | ***प्रदेश सरकार*** | **०** | **१७,०५६** | **२९,१०१** | ० | **२२,६६८** | **१४,५०१** |
| १३३११ | समानीकरण अनुदान | ० | १२,१७८ | १३,२७९ | ० | १२,६६८ | ९,५०१ |

| क्र.सं | विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | वृद्धि दर | २०७७/७८ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | चैत्र मसान्त सम्म |
| १३३१२ | ससर्त अनुदान चालु | ० | १,८७८ | ० | ० | ० | ० |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | ० | ० | ० | ० | ० |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | ० | १,६२२ | ० | ० | ० |
| १३३१६ | समपुरक अनुदान चालु | ० | ० | ५,००० | ० | १०,००० | ५,००० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | ० | ० | ० | ० | ० |
| १३३१८ | अन्य अनुदान चालु | ० | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | ३,००० | ९,२०० | ० | ० | ० |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | ० | ० | ० | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० | ० |
| | **कूल जम्मा** | ६५०,८५५ | ७७४,३६५ | ७८२,०५३ | १० | ७६३,०४८ | ५१०,७८ ३ |

## २.१ आन्तरिक राजश्व संरचनाको अवस्था

नगरपालिकाको विगत ३ आ.व.को यथार्थ आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कूल आन्तरिक आयमा रहेको योगदान तलको तालिकामा देखाइएको छ ।

**तालिका १२ : कुल राजश्वमा शीर्षकगत योगदान (रु. हजारमा)**

| आय शीर्षक | २०७४/७५ को यथार्थ आय | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को यथार्थ आय | वृद्धि दर | आ.व.२०७८ को | |
|---|---|---|---|---|---|---|
| | | | | | अनुमान | हालसम्मको आय |
| **आन्तरिक आय** | १८,५६४ | २९,५०६ | ३१,१५८ | ३० | ४३,०२३ | ४२,३३८ |
| **राजश्व बाँडफाँडबाट प्राप्त आय** | ३,३०५ | ९३,२८७ | ९१,५०४ | ४२६ | १२०,९८७ | ७७,७९० |
| **वित्तीय हस्तान्तरण तथा अन्य अनुदान** | ६२८,९८६ | ६५१,५७२ | ६५९,३९१ | २ | ५९९,०३ ८ | ३९०,६५५ |
| **कूल आय** | ६५०,८५५ | ७७४,३६५ | ७८२,०५३ | १० | ७६३,०४८ | ५१०,७८३ |

## २.९ विगतको आय संकलनको विश्लेषण

वालिङ नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयारीको क्रममा आन्तरिक आय संकलनको अवस्था तपशिल बमोजिम रहेको पाइयो ।

- वि.सं. २०६८ सालदेखि एकिकृत सम्पत्ति कर उठाइएको र २०७५ देखि त्यसलाई सम्पत्ति करको रुपमा परिणत गरी संकलन गरिएको
- मालपोत करलाई आर्थिक ऐन तथा दफामा दर उल्लेख नगरिएको र २०६८ साल अघिको व्यक्यौता मात्र संकलन गरिएको
- आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनको दर (आधार) निर्धारण गरेको छ तर करका दरहरू उल्लेख नगरिएको
- विगत ३ आ.व.को तथ्याङ्कको आधारमा विश्लेषण गर्दा सम्पत्ति कर २ प्रतिशतले घट्दै गएको
- मालपोत कर २०६८ साल भन्दा पहिलेको बक्यौता मात्र संकलन गर्ने गरिएको
- घर जग्गा बहाल कर १८७ प्रतिशतले वृद्धि हुदै गएको

- सवारी साधन कर २६४ प्रतिशतले वृद्धि हुँदै गएको
- पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर संकलन गर्न नमिल्ने शीर्षकमा लिइएको
- विज्ञापन कर संकलन नगरिएको
- वहाल विटौरी शुल्कलाई आर्थिक ऐनको दफा तथा अनुसूचीमा उल्लेख नगरिएको तर अन्य शीर्षकको आय यसमा प्रविष्ट गरिएको
- मनोरञ्जन कर मेला महोत्सवमा मात्र संकलन गर्ने गरिएको
- व्यवसाय कर ४० प्रतिशतले वृद्धि हुँदै गएको
- सरकारी सम्पत्तिको बहालबाट आम्दानी हुँने गरेता पनि प्रविष्टी यस शीर्षकमा नगरिएको
- फोहरमैला व्यवस्थापन शुल्क १५३ प्रतिशतले वृद्धि हुँदै गएको र चालु आ.व.को चैत्र मसान्त सम्ममा अनुमान भन्दा बढी संकलन भइसकेको , यसलाई अन्य सेवा शुल्क अन्तर्गत राखिएको
- शिक्षा क्षेत्रको आम्दानी ९ प्रतिशतले घट्दै गएको
- पार्किङ्ग शुल्क उठाउने नगरिएको
- नक्सापास दस्तुर १२ प्रतिशतले घट्दै गएको तर चालु आ.व.को चैत्र मसान्त सम्ममा अनुमान भन्दा बढी संकलन भइसकेको
- व्यक्तिगत घटना दस्तुर ७ प्रतिशतले बढ्दै गएको र चालु आ.व.मा पनि अनुमान भन्दा बढी संकलन भइसकेको
- अन्य राजश्व शीर्षकमा उल्लेख्य रकम देखिएकाले राजश्वका शीर्षक अनुसार संकलन नभएको देखिन्छ ।
- अन्त शुल्क र मूल्य अभिवृद्धि कर अलग अलग नदेखिएको
- विज्ञापन कर र वन रोयल्टी बाँडफाँडबाट आएको नदेखिएको
- वित्तिय समानीकरण अनुदान २१ प्रतिशतले घट्दै गएको र समपुरक अनुदान २३ प्रतिशतले घट्दै गएको
- कर राजश्व ५३ प्रतिशतले वृद्धि हुँदै गएको र गैर कर राजश्व १६ प्रतिशतले वृद्धि हुदै गएको
- समग्र राजश्व १० प्रतिशतले वृद्धि हुँदै गएको राजश्व बाँडफाँड ४२६ प्रतिशतले वृद्धि हुँदै गएको
- कर तथा गैर कर राजश्व ३० प्रतिशतले वृद्धि हुदै गएको
- राजस्वसँग सम्बन्धित विभिन्न १७ विषयमा ऐन, नियम, कार्यविधि र मापदण्ड तयार तथा स्वीकृत भई कार्यान्वयनमा रहेको
- राजस्व प्रशासनका लागि प्रशासन तथा योजना शाखा अन्तर्गत राजस्व उपशाखा संचालन स्थापना र संचालनमा रहेको
- राजश्व उपशाखामा अधिकृत छैटौ तहको १ जना र सहायक चौथो १ जना, सहायक कम्प्युटर अपरेटर १ जना गरी ३ जना कार्यरत रहेको
- राजस्व उपशाखाबाट समग्र राजस्व (आन्तरिक आय, राजस्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण र वित्तीय व्यवस्था) प्रशासनको कार्य नगरी आन्तरिक आय संकलनको कार्य गरिरहेको
- कार्यपालिका र वडा कार्यालयहरुमा राजस्व परिचालन सफ्टवेयर संचालन भएको
- वडा कार्यालयहरूबाट मूलतः सम्पत्ति कर , घर बहालकर, व्यक्तिगत घटना दस्तुर, नाता प्रमाणित दस्तुर, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरूबाट संकलन भएको रकम नजिकका वडाहरुबाट उही दिन वा त्यसको भोलिपल्ट र टाढाका वडाहरुबाट साप्ताहिक वा मासिक रुपमा रकम बैंकमा जम्मा गर्ने गरिएको
- निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्कमा लाग्ने कर प्रदेश सरकारले बनाएको सडकमा लिइएको जुन कानून सम्मत नदेखिएको
- दमकल सेवा निशुल्क रुपमा सञ्चालन गरिएको

# परिच्छेद : तीन

## नगरपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजश्व अधिकार र सो अधिकारको कार्यान्वयन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शीर्षकगत विश्लेषण गरिएको छ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजश्व अधिकार सम्बन्धीका प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।

### *३.१.१ संवैधानिक व्यवस्था*

**नेपालको संविधान २०७२** को अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसै गरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजश्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छ :

### धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन।

(२) स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ।

### धारा २३६ : अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने बस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन।


### *३.१.२ कानुनी व्यवस्था*

संघीय कानुन **(स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४** को दफा ५४ देखि दफा ६३ सम्म र **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन (असविव्यऐ), २०७४** अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

## (क) नगरपालिकाको एकल अधिकार:

### अ) कर

- ***सम्पत्ति कर:*** आफ्नो क्षेत्रभित्रको घर तथा घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप घरजग्गामा (स्थाससंऐ)




- ***भूमिकर (मालपोत):*** सम्पत्ति कर लागेको घरजग्गा वाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- ***घर जग्गा बहाल कर:*** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- ***व्यवसाय कर:*** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ( स्थाससंऐ)
- ***सवारी साधन कर:*** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- ***जडिबुटी, कवाडी र जीवजन्तु कर:*** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत (स्थाससंऐ)

### आ) शुल्क

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

### इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा । (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) (स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ) ।

### ई) बिक्री गर्न सक्ने

- आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

### उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने । (स्थाससंऐ)
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

### ऊ) प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
    - स्थानीय सहकारी संस्था
    - १०० वाट सम्मको एफएम रेडियो
    - घ वर्गको ठेक्का इजाजत
    - सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
    - प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम
    - मातृ भाषामा शिक्षा दिने विद्यालय
    - ट्युसन, कोचिङ्ग
    - औषधि पसल
    - परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
    - ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
    - स्थानीय स्तरका व्यापारिक फर्म
    - स्थानीय तहका पत्र पत्रिका
    - जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
    - स्थानीय स्तरका संघ संस्था
    - इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन
    - लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविब्यऐ)

### (ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरूलाई प्रदान गरेको राजश्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजश्वको दर तथा संकलनका अन्य आधारहरूको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ ।

**तालिका १३ : प्राकृतिक श्रोतको रोयल्टी बाडफाट (प्रतिशतमा)**

| क्र.सं. | श्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | बन | ५० | २५ | २५ |

| क.सं. | श्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४*

## (ग) राजश्व बाँडफाँट (असविव्य, ऐन)

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

(ई) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँट गरिने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

राजश्व बाँडफाँट अन्तर्गत संघीय सरकारवाट सङ्कलन भएको मूल्य अभिवृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँड हुने व्यवस्था छ ।

## १) प्रदेश सरकारबाट गरिने बाँडफाँट

त्यसैगरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करवाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्वन्धित स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहवाट संकलन भएको कर तथा शुल्कको ४० प्रतिशत रकम सम्वन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ ।

**तालिका १४ : स्थानीय र प्रदेश तह वीचको राजश्व बाडफाट**

| क.सं. | करका क्षेत्रहरू | संकलन गर्ने तह | राजश्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| १ | सवारी साधन कर | प्रदेश | ६० | ४० |
| २ | घरजग्गा रजिष्ट्रेशन शुल्क | स्थानीय | ४० | ६० |

| क्र.सं. | करका क्षेत्रहरू | संकलन गर्ने तह | राजश्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| ३ | मनोरञ्जन कर | स्थानीय | ४० | ६० |
| ४ | विज्ञापन कर | स्थानीय | ४० | ६० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

## २) मूल्य अभिवृद्धि कर, अन्तशुल्क

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकम मध्ये संघीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाडँफाँट गर्ने व्यवस्था रहेको छ।


**तालिका १५ : मुल्य अभिबृद्धि कर, अन्तशूल्कको बाडफाट**

| क्र.सं. | श्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| २ | अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

## (घ) अनुदान

संघीय तथा प्रदेश सरकारवाट प्रदान गरिने वित्तीय समानिकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ। त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। समपूरक तथा विशेष अनुदानकोलागि स्थानीय तहहरूवाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।




- ***वित्तीय समानीकरण अनुदान:*** खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- ***सशर्त अनुदान:*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***समपूरक अनुदान:*** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***विशेष अनुदान:*** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

## (ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने

- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ( स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने ( असविव्यऐ)
- कर वा गैर कर राजश्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजश्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)
- राजश्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ)।

## ३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना

यस भागमा नगरपालिकाको आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत् रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ।

**तालिका १६ : आन्तरिक आय संकलनको विद्यमान अवस्था विवरण**

| क्र.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | दर निर्धारण भएको/नभएको | संकलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| **क.१** | **कर तर्फ** | | | | |
| १ | सम्पत्ति कर | भएको | भएको | भएको | |
| २ | भूमिकर (मालपोत) | भएको | नभएको | भएको | २०६८ साल अधिको व्यक्यौता |
| ३ | घर जग्गा बहाल कर | भएको | भएको | भएको | |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको | |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | नभएको | |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | भएको | भएको | |
| ७ | विज्ञापन कर | भएको | भएको | नभएको | |
| **क.२.** | **अन्य राजश्व** | | | | |
| **ख.** | **शुल्क, सेवा शुल्क तथा महशुल** | | | | |
| १ | वहाल विटौरी शुल्क | भएको | नभएको | भएको | अन्य शीर्षकको प्रविष्ट भएको |
| २ | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको | |

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | दर निर्धारण भएको/नभएको | संकलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| ३ | पर्यटन शुल्क | भएको | नभएको | नभएको | |
| ४ | परिक्षा शुल्क | भएको | भएको | भएको | |
| ५ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क | भएको | नभएको | भएको | सडक उपयोगमा लिइएको |
| ६ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | भएको | नभएको | नभएको | |
| ७ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको | |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | भएको | अन्य प्रशासनिक सेवा शुल्कमा प्रविष्ट गरिएको |
| ९ | अस्पताल संचालन | भएको | नभएको | नभएको | |
| १० | एम्बुलेन्स संचालन | भएको | नभएको | नभएको | |
| ११ | दमकल संचालन | भएको | नभएको | नभएको | निशुल्क उपलब्ध गराइएको |
| १२ | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको | |
| १३ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको | |
| १४ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको | |
| **ग.** | **दस्तुर** | | | | |
| १ | नक्सापास दस्तुर | भएको | भएको | भएको | |
| २ | सिफारिस/प्रमाणित दस्तुर | भएको | भएको | भएको | |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको | |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको | |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको | |
| **घ.** | **बिक्री तथा अन्य आय** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | भएको | भएको | भएको | |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | नभएको | नभएको | नभएको | |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | भएको | भएको | भएको | |
| ४ | सामुदायिक वनबाट आय प्राप्त | नभएको | नभएको | नभएको | |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | भएको | भएको | |
| ६ | न्यायिक दण्ड जरिवाना | भएको | भएको | भएको | |
| ७ | प्रशासनिक दण्ड जरिवाना | भएको | भएको | भएको | |

स्रोत : राजश्व उपशाखा कार्यालय वालिङ, २०७८

## ३.३ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना

यस भागमा नगरपालिकाको आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ ।

### ३.३.१ कर राजश्व

## (क) सम्पत्ति कर

### विद्यमान अवस्था :

स्थानीय सरकार संचालन ऐन, २०७४ को संशोधन अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ । यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरेको छ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्नेछ । घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्यांकनका आधारहरू देहाय बमोजिम हुनेछन :

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा गर्नुपर्नेछ ।

यस व्यवस्था अनुसार नगरपालिकाले आर्थिक ऐनमा नगरपालिकाको क्षेत्रभित्र कुनैपनि व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर र जग्गाको एकिकृत रुपमा हिसाब गरी मुल्यांकनका आधारमा सम्पत्ति कर लगाउँदै आएको छ । आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनको दर (आधार) निर्धारण गरेको छ तर करका दरहरू उल्लेख गरिएको छैन । नगरपालिकाले सम्पत्ति कर सम्बन्धी कार्यविधि तयार पारेर सम्पत्ति कर सम्बन्धी दर निर्धारण गरी घर र घरले चर्चेको जग्गाको मूल्याङ्कन दर र घर तथा संरचना ह्रासकट्टी समेत मूल्याङ्कन दर निर्धारण गर्नुपर्ने देखिन्छ । गत आ.व. मा यस शीर्षकबाट ८७१५ करदाताबाट रु ४९ लाख १५ हजार ७ सय ९५ रुपैया संकलन भएको थियो । चालु आ.व.मा रु ६६ लाख ५० हजार रुपैया अनुमान गरिएकोमा चैत्र मसान्तसम्म ८३३४ करदाताबाट रु ४९ लाख ६१ हजार ४ सय १६ रुपैया संकलन भइसकेको छ ।

### संभाव्यता :

राजश्व उपशाखामा जडान गरिएको सफ्टवेयरको आधारमा विश्लेषण गर्दा गत आ.व.मा नगरपालिकामा सम्पत्ति कर तिर्ने कुल करदाता ८७१५ करदाता मात्र करको दायरामा आएको पाइन्छ । विद्यमान कानूनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा सो आधारमा करिब १२१०० घरपरिवारसँग घर तथा अन्य संरचना र जग्गा रहेको अनुमान गरिएको छ । उल्लिखित अनुमानका आधारमा यस अध्ययन प्रयोजनको लागि कूल सम्पत्ति करदाताको संख्या कायम गरी देहाय बमोजिम सम्पत्ति करको कूल संभावना रहेको देखिन्छ ।

**तालिका १७ : सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण**

| सम्पत्ती मूल्य विवरण | करदाता संख्या (अनुमानित) | औसत करको दर | सम्भाव्य संकलन (रु. ) |
|---|---|---|---|
| रु. ५ लाख सम्म | ३००० | ३५ | १०५००० |
| रु. ५ लाख १ देखि १० लाख सम्म | २५०० | १६५ | ४१२५०० |
| रु. १० लाख १ देखि २० लाख सम्म | २२०० | ३२५ | ७१५००० |
| रु. २० लाख १ हजार देखि ५० लाख सम्म | १५०० | १४२६ | २१३९००० |
| रु. ५० लाख १ देखी १ करोड सम्म | १३०० | ६१२५ | ७९६२५०० |
| रु. १ करोड १ देखि २ करोड सम्म | ९०० | १६००० | १४४००००० |
| रु. २ करोड १ देखि ५ करोड सम्म | ५०० | ४२५०० | २१२५०००० |
| रु. ५ करोड भन्दा बढी | २०० | ७१००० | १४२००००० |
| **जम्मा** | **१२१००** | | **६११८४०००** |

## सुझावहरु

- जग्गालाई मालपोतको न्युनतम दर सँग सामञ्जन्यता हुने गरी मूल्याङ्कन गरी सम्पत्ति करको दरलाई नगरवासीको कर तिर्न सक्ने क्षमताको आधारमा निर्धारण गर्ने
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सम्पत्ति कर संकलन गरी बाँकी जग्गामा मालपोत संकलन गर्ने गरी कार्यविधि तयार पारी लागु गर्नुपर्ने
- करदाताको पहिचान गरी विवरण अद्यावधिक गर्ने

## (ख) मालपोत वा भूमि कर

### विद्यमान अवस्था :

यस नगरपालिकाले २०६८ सालदेखि एकिकृत सम्पत्ति कर लागु गरेको थियो । स्थानीय सरकार सञ्चालन ऐनमा २०७५ सालमा संशोधन हुँदा एकिकृत सम्पत्ति करलाई सम्पत्ति करमा परिणत गरियो तर मालपोत कर असुली गरिएन । अहिले नगरपालिकाले २०६८ साल भन्दा अगाडिको मालपोतको बक्यौता मात्र संकलन गरिरहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को संशोधनले घर र भौतिक संरचना र चर्चेको दोब्बर सम्मको जग्गामा सम्पत्ति कर तथा बाँकी जग्गामा भुमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा २०७५ मा भएको संशोधनपछि सम्पत्ति कर लिइरहेको र मालपोत कर संकलन नगरेको स्थिति छ ।

गत आ.व. २०७६/७७ मा रु. ५९ हजार ६४ रुपैया मालपोतबाट संकलन भएको थियो । यस शीर्षकमा चालु आ.व.मा रु. २ लाख ७५ हजार अनुमान गरिएकोमा चैत्र मसान्तसम्ममा ४० हजार संकलन भएको देखिन्छ । यो रकम एकिकृत सम्पत्ति कर लागु हुनु भन्दा अगाडि(वि.स.२०६८) को  बक्यौता मात्र हो ।

### संभाव्यता :

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरे अनुसार घर तथा संरचनाले चर्चेको भन्दा बाहेकको जग्गामा भूमि कर (मालपोत) करको संभाव्यता अनुमान गरिएको छ । नगर वस्तुस्थिति विवरण अनुसार यस नगरपालिकामा ३७२३ करदाताको जग्गा मात्र भएको र सम्पत्ति कर लगाई बाँकी जग्गामा मालपोत लगाउने प्रावधान अनुसार १७,७०० करदाता मालपोत करको दायरामा पनि आउने अनुमान गरिएको छ । खेतीयोग्य जमिन ४३.८२ कि.मी.( ) कूल भूमिकर योग्य जग्गालाई सडकले छोएको तथा बजार क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्र खेत, कृषि क्षेत्र बारी गरी ४ क्षेत्रमा वर्गीकरण गरी जग्गाको मूल्य र उपयोगको आधारमा दर निर्धारण गर्दा भूमिकरको संभावना देहायअनुसार रहेको देखिन्छ ।

**तालिका १८ : मालपोत कर सम्बन्धी सम्भाव्यता विश्लेषण**

| जग्गा विवरण | करदाता संख्या (अनुमानित) | क्षेत्रफल रोपनी | करको दर (रु. प्रति रोपनी | सम्भाव्य संकलन रु. हजारमा |
|---|---|---|---|---|
| सडकले छोएको तथा बजार क्षेत्र | ३९०० | ३१२०० | ५० | १५६०००० |
| आवास क्षेत्र | ४७०० | ३७६०० | ४० | १५०४००० |
| कृषि क्षेत्र खेत | ४३०० | ३४४०० | ३५ | १२०४००० |
| कृषि क्षेत्र पाखो | ४८०० | ३८४०० | २५ | ९६०००० |
| **जम्मा** | **१७७००** | **१४१६००** | **३८** | **५२२८०००** |

## सुझावहरु

- मालपोतको दर निर्धारण गर्दा जग्गाको क्षेत्रफल र मुल्यांकनको आधारमा गर्ने
- बाटोले छोएको र नछोएको पत्ता लगाउन बाटोको लगत कट्टा गरी भु सूचना प्रणालीमा आवद्ध गर्ने

- मालपोत संकलन कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने

## (ग) घरजग्गा बहाल कर

### विद्यमान अवस्थाः

नगरपालिकाले आर्थिक ऐन २०७७ मा नगरपालिका क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिइएमा बहाल रकममा अनुसूची ३ अनुसार बहाल लगाई असुल उपर गरिनेछ भनी उल्लेख गरिएता पनि आर्थिक ऐनको अनुसूची ३ मा उल्लेख गरिएको भनेता पनि यसको दर अनुसूची १२ मा बहाल करको १० प्रतिशत तोकिएको छ।

गत आ.व.२०७६/७७ मा यस शीर्षकवाट ३२६ करदाताबाट ३० लाख ६६ हजार ४ सय ५३ संकलन भएको छ। चालु आ.व.मा यस शीर्षकमा रु २५ लाख अनुमान गरिएकोमा चैत्र मसान्तसम्ममा ३१४ करदाताबाट रु ३७ लाख ७० हजार ४ सय ७५ संकलन भएको छ।

### संभावनाः

नगरपालिकाको वस्तुस्थिति विवरण अनुसार व्यक्तिगत प्रयोजनको लागि भाडामा दिने परिवार १६१५ र व्यवसायिक प्रयोजनको लागि ४९४ घर र जग्गा भाडामा दिने ८ जना रहेको अनुमान गर्न सकिन्छ। व्यवसायिक प्रयोजनको लागि भाडामा दिंदा बहाल रकमको १० प्रतिशत र व्यक्तिगत प्रयोजनको लागि भाडामा दिंदा ५ प्रतिशत दर कायम गर्दा संकलन हुनसक्ने रकम देहायको तालिकामा दिइएको छ।

**तालिका १९ : घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण**

| प्रयोजनका आधारमा बहाल लिने करदाता | गत आ.व. को करदाता | चालु आ.व.को चैत्र मसान्त सम्मको करदाता | बहालमा भएको घरजग्गा संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|---|
| | | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | | अनुमानित | अनुमानित | क x ख x१२ | प्रतिशत | ग को १० प्रतिशत |
| अडिट गर्ने संस्थागत प्रयोजनले व्यवसायीक फर्म, वित्तिय तथा सार्वजनिक संस्थाहरूलाई वहालमा लगाउने (औसत मासिक रु. १५००० भाडा आर्जन गर्ने) | ३२६ | ३१४ | ५०० | १५,००० | ९०,०००,००० | १० | ९,०००,००० |
| घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. ६००० भाडा आर्जन गर्ने) | | | १,६१५ | ६००० | ११६,२८०,००० | ५ | ५,८१४,००० |
| **जम्मा** | ३२६ | ३१४ | २,११५ | | २०६,२८०,००० | | १,४८,१४,००० |

### सुझावहरु

- घर जग्गा बहाल असुलीको कार्यविधि निर्माण गर्ने
- बहालमा लगाइएको जग्गा तथा घरको लगत संकलन गर्ने
- घरजग्गा बहाल रकम मूल्याङ्कन गर्न घर तथा संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटको दरले बहाल मूल्य निर्धारण गर्ने र सो बमोजिम बहाल रकम निर्धारण गरी कर संकलन गर्ने
- Tax Mapping गर्ने

## (घ) व्यवसाय कर

### विद्यमान अवस्था:

नगरपालिकाले आर्थिक ऐनमा नगर क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाई असुल उपर गरिने व्यवस्था गरेको छ । करको दर न्यूनतम रु. ६०० देखि अधिकतम रु. १०,००० सम्म रहेको छ । वस्तुस्थिति विवरणमा उल्लेख भए अनुसार व्यवसायीहरूको संख्या ८७८ रहेकोमा चालु आ.व. को बैशाख १२ गतेसम्म ७८४ व्यवसायी करको दायरामा आएको देखिन्छ । आर्थिक ऐनमा व्यवसाय करको दर निर्धारण गरिएको छ ।

आ.व. २०७६/७७ मा व्यवसाय करको शीर्षकवाट ६७३ करदाताबाट रु ९ लाख ७२ हजार १ सय ५८ संकलन भएको थियो । चालु आ.व.मा २५ लाख अनुमान गरिएकोमा चैत्र मसान्तसम्म रु ९ लाख ५६ हजार २ सय ७५ मात्र संकलन भएको अवस्था छ ।

### संभावना:

नगरपालिकाले प्रकाशन गरेको नगरको वस्तुस्थिति विवरण अनुसार यस नगरमा ८७८ वटा विविध किसिमका व्यवसायहरू करको दायरामा आउन सक्ने अनुमान गरिएको छ । व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गरी व्यवसाय करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ :

**तालिका २० : व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण**

| क्र.सं. | व्यवसायको किसिम | संख्या | औषत दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | इलेक्टोक्सि एण्ड इलेक्टीकल्स | ५ | ११५० | ५७५० |
| २ | विविध उद्योगहरू | ४२ | २२०० | ९२४०० |
| ३ | औषधि पसल | ७ | ११३० | ७९१० |
| ४ | कपडा पसल | ६ | १५०० | ९००० |
| ५ | कम्प्युटर तथा शिक्षा सेवा | १४ | १७६० | २४६४० |
| ६ | किराना पसल | १५९ | ८३० | १३१९७० |
| ७ | होटल रेष्टुरेण्ट तथा खाजा घर | १०७ | १२८० | १३६९६० |
| ८ | टेलर्स | ३८ | १२९० | ४९०२० |
| ९ | तरकारी तथा फलफूल पसल | ८ | ६६५ | ५३२० |
| १० | निर्माण सामग्री व्यवसाय | २२ | २३४० | ५१४८० |
| ११ | विशेषज्ञता तथा परामर्श सेवा | २ | २१०० | ४२०० |
| १२ | कृषि तथा पशु फर्म | १३२ | ९३० | १२२७६० |
| १३ | फेन्सी पसल | ४५ | ११०० | ४९५०० |
| १४ | फोटो स्टुडियो | ४ | २०२० | ८०८० |
| १५ | फेस हाउस | ३१ | ८५० | २६३५० |
| १६ | बैंक तथा वित्तिय संस्था | २४ | ४२५० | १०२००० |
| १७ | ब्यूटीपार्लर | ३२ | १२३० | ३९३६० |
| १८ | भांडा पसल | ८ | ७८० | ६२४० |
| १९ | मदिरा पसल | ५ | १८५० | ९२५० |
| २० | मर्मत तथा संभार सेवा | १८ | ११०० | १९८०० |
| २१ | व्यापारिक वस्तु | ७ | ११७० | ८१९० |
| २२ | शिक्षा तथा सञ्चार सेवा | १७ | १६०० | २७२०० |
| २३ | सुन चाँदी पसल | ८ | १३०० | १०४०० |

| क.सं. | व्यवसायको किसिम | संख्या | औषत दर | जम्मा रकम |
|---|---|---|---|---|
| २४ | स्टेसनरी | ७ | ९०० | ६३०० |
| २५ | स्वास्थ्य सेवा | ६ | १६५० | ९९०० |
| २६ | हार्डवेयर पसल | ४ | २००० | ८००० |
| २७ | अन्य व्यवसाय | ७३ | १४०० | १०२२०० |
| | **जम्मा** | ८३१ | | १०७४१८० |

### सुझावहरु

- व्यवसायको प्रकृति तथा पूँजीगत लगानीको आधारमा वर्गीकरण गर्ने र दर निर्धारण गर्ने
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नका लागि नगरकार्यपालिकाबाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था गर्न वालिङ उद्योग वाणिज्यसंग सहकार्य तथा समन्वय गर्ने
- व्यवसाय कर संकलनको लागि वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान सञ्चालन गर्ने
- व्यवसायीहरुले कर चुक्ता प्रमाणपत्र लिंदा व्यवसाय नवीकरण गरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्ने नीति निर्माण गरी आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ कार्यालयसंग सहकार्य गर्ने

## (ङ) जडिवुटी, कवाडी, जीवजन्तु कर

### विद्यमान अवस्थाः

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, जडिबुटी, कवाडी, माल, र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत मारिएका जीवजन्तुहरूको हाड,, सिङ, प्वाख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत कर लगाई असुल उपर गर्ने व्यवस्था गरेको छ । आर्थिक ऐनको दफा ५ मा कवाडिजन्य वस्तुहरूको व्यवसायिक कारोबार गर्दा लाग्ने करको व्यवस्था गरेको छ र अनुसूची ५ मा कवाडिजन्य वस्तुहरूको करको दर उल्लेख गरिएको भनिएकोमा अनुसूची ५ आर्थिक ऐनमा उल्लेख गरिएको छैन ।

गत आ.व.मा यस शीर्षकबाट ६ लाख २२ हजार ६ सय ३० संकलन भएको थियो । चालु आ.व.मा पनि यस शीर्षकबाट ६ लाख २२ हजार ६ सय ३० मा ठेक्का लागि सकेको छ । चालु आ.व.को चैत्र मसान्त सम्म रकम समेत संकलन भएको देखिंदैन ।

### संभावना

कवाडी सामान व्यवसायिक कारोबार गर्ने संग आ.व. २०७५/०७६ मा रु ६ लाख २१ हजार ८ सय ३९ मा ठेक्का लागेको र २०७६/०७७ मा ६ लाख २२ हजार ६ सय ३० संकलन भएको देखिएकोले आगामी आ.व. मा यस शीर्षकमा एक मुष्ठ रुपमा रु ७ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ ।

### सुझावहरु

- जडीबुटी, कवाडी तथा जीवजन्तु कारोबार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने
- यसको व्यवसायिक कारोबार गर्नेलाई इजाजत गरी कारोबारको आधारमा कर संकलन गर्ने

## (च) विज्ञापन कर

### विद्यमान अवस्थाः

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, डिजिटल बोर्ड, ग्लो बोर्ड र स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ। संघीय कानून अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो। यसबाट संकलित कूल राजश्व मध्ये ४० प्रतिशत राजश्व प्रदेश संचित कोषमा जम्मा गर्नु पर्दछ।

नगरपालिकाले आर्थिक ऐनमा विभिन्न किसिमका विज्ञापनका सामग्रीहरूको विज्ञापन गर्दा लाग्ने विज्ञापन करको दरहरू निर्धारण गरेको छ। यसबाट आ.व.२०७६/७७ मा कुनै पनि रकम संकलन भएको छैन। चालु आ.व.का लागि यस शीर्षकमा ४ लाख ५० हजार रकम अनुमान गरेकोमा चैत्र मसान्त सम्म रकम संकलन नभएको स्थिति रहेको छ।

**संभावना:**

नगरपालिकामा सूचीकृत कम्पनी तथा छलफलको आधारमा नगर क्षेत्र भित्र विभिन्न स्थानमा गरी करिब ५५५ वटा विभिन्न विज्ञापनका सामग्री राखिएको अनुमान गरिएको छ। सोही अनुमानका आधारमा विश्लेषण गरी विज्ञापन करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ :

**तालिका २१ : विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण**

| विज्ञापन सामाग्री | विज्ञापन सामाग्रीको साइज अनुसार संख्या | | | | औषत दर प्रति गोटा (रु.) | संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | ठूला | मध्यम | साना | जम्मा | | |
| होर्डिङ वोर्ड, ग्लोब वोर्ड | ५० | ७० | २०० | ३२० | २००० | ६४०००० |
| भित्तेलेखन | ४० | ३० | ५० | १२० | ५०० | ६०००० |
| फ्लेक्स व्यानर | ५० | ३० | ३५ | ११५ | ७०० | ८०५०० |
| **जम्मा** | १४० | १३० | २८५ | ५५५ | ३२०० | ७८०५०० |
| | | | | | ६०% | ४६८३०० |

**सुझावहरु**

- विज्ञापन सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा तथ्याकंन संकलन गर्ने
- संकलित विवरण अनुसार विज्ञापनको करको दर निर्धारण गर्ने
- न्युनतम संकलन हुन सक्ने गरी ठेक्का अंक गणना गर्ने र ठेक्का दिने

## (छ) सवारी कर (साना सवारी)

**विद्यमान अवस्था :**

विद्यमान व्यवस्था अनुसार नगर क्षेत्रभित्र टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता र नवीकरण वापत सवारी कर लगाउने अधिकार रहेको छ। सो व्यवस्था अनुसार नगरपालिकाले आर्थिक ऐन, २०७७ मा नगरपालिका क्षेत्र भित्र ठेगाना रहने गरी दर्ता भएका वालिङ नगर क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक कर लगाउने गरी दर निर्धारण गरेको छ।

सवारी साधन कर तर्फ गत आ.व.मा कुनै रकम संकलन भएको छैन र चालु आ.व.को लागि अनुमान समेत गरिएको छैन। चालु आ.व. को चैत्र मसान्तसम्म कुनै रकम समेत संकलन नभएको देखिन्छ।

**संभावना :**

नगरपालिका क्षेत्रमा सडक यातायातको विकास र विस्तारसँगै करिब ८८ अटोरिक्साहरू संचालनमा रहेको विवरणबाट देखिन्छ । नगरपालिकाले प्रति अटोरिक्सा दर्ता तथा नविकरण वापत रु. ५००० साना सवारी कर निर्धारण गर्दा यसबाट वार्षिक रु.४,४०,००० संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**तालिका २२ : साना सवारी कर सम्बन्धी सम्भाव्यता विश्लेषण**

| सवारी साधन | अनुमानित संख्या | रजिष्ट्रेशन दस्तुर | जम्मा सम्भाव्य रकम रु |
|---|---|---|---|
| अटो रिक्सा, ई रिक्सा | ८८ | ५००० | ४,४०,००० |

## ३.३.२ गैर कर राजश्व

### (क) ढुंङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

### विद्यमान अवस्था :

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। स्थानीय सरकार संचालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजश्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ । नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट संकलित राजश्व मध्ये ६० प्रतिशत स्थानीय संचित कोषमा र ४० प्रतिशत प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ । तर सो अनुसार ऐनमा संशोधन भई नसकेको अवस्था छ ।

विद्यमान कानुनी व्यवस्था अनुसार वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ को व्यवस्था अनुसार संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातवरणीय प्रभाव मूल्याकंनको समेत व्यवस्था गरिएको छ र सो अनुसार अध्ययनको सिफारिसका आधारमा बिक्री दर निर्धारण गरी नगरपालिकाले ढुंगा, गिट्टी, बालुवा, भरान बिक्री गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

आ.व. २०७६/०७७ मा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल बिक्रीबाट रु १८ लाख ५३ हजार ८ सय २० संकलन भएको थियो । चालु आ.व.मा यस शीर्षकमा ५० लाख अनुमान गरिएकोमा चैत्र मसान्तसम्म ६३ लाख ६० हजार रकम संकलन भएको देखिन्छ ।

### संभावना:

पूर्व वातावरणीय परीक्षण प्रतिवेदन अनुसार आँधी खोलाको विभिन्न घाटबाट ८०४९५ घन मिटर नदीजन्य पदार्थ बिक्री गर्न सकिने देखिएको छ । संकलन र बिक्रीको लागि गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०७७ को अनुसूची ६ मा उल्लेख गरिएको बिक्रि दर अनुसार कुल राजश्व १ करोड,९८ लाख ९५ हजार ९ सय ४९ संकलन हुन सक्ने देखिन्छ। उक्त रकम प्रदेश सरकारसंग बाँडफाँट गर्दा १ करोड १९ लाख ३७ हजार ५ सय ६९ नगरपालिकाले प्राप्त गर्ने देखिन्छ ।

**तालिका २३ : उत्खनन स्थलह□मा नदीजन्य पदार्थ बिक्री सम्भावना**

| क्र.सं. | नदी तथा स्थानका नाम | वार्षिक उत्खनन् योग्य परिमाण ( घ.मि) | वार्षिक उत्खनन् योग्य परिमाण ( घ.फि.) | बिक्री रकम प्रति घ.फि.(रु.) | सम्भाव्य बिक्री रकम (रु.) | बाँडफाँटबाट प्राप्त (६० प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | ओडारे त्रियासी क्षेत्र | ४४५४१ | १५७२७४३ | ७ | ११००९१९९ | ६६०५५१९ |
| २ | छयाङछयाङदी, मिर्दी | ७८१२ | २७५८४२ | ७ | १९३०८९२ | ११५८५३५ |

| क्र.सं. | नदी तथा स्थानका नाम | वार्षिक उत्खनन् योग्य परिमाण ( घ.मि) | वार्षिक उत्खनन् योग्य परिमाण ( घ.फि.) | बिक्री रकम प्रति घ.फि.(रु.) | सम्भाव्य बिक्री रकम (रु.) | बाँडफाँटबाट प्राप्त (६० प्रतिशत) |
|---|---|---|---|---|---|---|
| | क्षेत्र | | | | | |
| ३ | भू.पू. सैनिक क्षेत्र | ४५६५ | १६११९० | ७ | ११२८३३१ | ६७६९९९ |
| ४ | औद्योगिक क्षेत्र | ७३८८ | २६०८७० | ७ | १८२६०९२ | १०९५६५५ |
| ५ | उदियाचौर उप क्षेत्र १ | ४०३८ | १४२५८२ | ७ | ९९८०७२ | ५९८८४३ |
| ६ | उदियाचौर उप क्षेत्र २ | ६६३६ | २३४३१७ | ७ | १६४०२२० | ९८४१३२ |
| ७ | बाँयटारी उप क्षेत्र १ | १७९८ | ६३४८७ | ७ | ४४४४१२ | २६६६४७ |
| ८ | बाँयटारी उप क्षेत्र २ | ३७१७ | १३१२४७ | ७ | ९१८७३१ | ५५१२३९ |
| **जम्मा** | | **८०४९५** | **२८४२२७८** | **७** | **१९८९५९४९** | **११९३७५६९** |

नोट : १ घन मीटर बराबर ३५.३१ घन फिट

उक्त रकम नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम प्रदेश सरकारसँग ४० प्रतिशत रकम बाँडफाँड गर्नु पर्ने व्यवस्था गरिएको छ ।

## (ख) बहाल बिटौरी शुल्क

### विद्यमान अवस्थाः

नगरपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार, सरकारी र सार्वजनिक जग्गाको उपयोग गरेबापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानूनी व्यवस्था छ । यस नगरपालिकामा बहाल विटौरी शुल्क लिन मिल्ने स्थानहरुको एकिन तथ्याङ्क उपलब्ध छैन । सिद्धार्थ राजमार्गको दायाँ बायाँ सडकको क्षेत्राधिकार भित्र निर्माण भएका घर तथा भवनहरु करको दायरामा आएको देखिदैन । ती घर तथा भवनहरुबाट सरकारी जग्गामा बनेकाले नगरपालिकाले जग्गाको भाडा बहाल विटौरी शुल्कको शीर्षकमा संकलन गर्न सक्नेछ । गत आ.व. मा यस शीर्षकबाट शुल्क संकलन गर्न आर्थिक ऐनमा कुनै व्यवस्था गरिएको थिएन तर यस शीर्षकमा १ लाख ३ सय २२ संकलन भएको देखिन्छ ।

चालु आ.व.मा पनि आर्थिक ऐनमा बहाल विटौरी शुल्क सम्बन्धी कुनै व्यवस्था नगरी ६ लाख ४५ हजार अनुमान गरिएको छ । चैत्र मसान्तसम्ममा बहाल बिटौरी अन्तर्गत रु ६७९४० संकलन भएको देखिन्छ । राजश्व उपशाखाका अनुसार एउटा शीर्षकको रकम अर्को शीर्षकमा प्रविष्ट गर्दा यसो हुन गएको देखिन्छ ।

**संभावनाः**

सिद्धार्थ राजमार्गको क्षेत्राधिकार भित्र पर्ने जग्गामा बनेका जग्गामा बहाल विटौरी शुल्क संकलन गर्न सकिन्छ । सडकको चौडाई बढाउँदा भत्काइने जग्गामा बहाल विटौरी शुल्क संकलन गर्न सकिन्छ । यस्ता घरहरु करीब ५०० भएको अनुमान गरिएको छ । ती घरहरुबाट प्रति घर वार्षिक औषत रु ५००० संकलन गर्दा २५ लाख संकलन हुन सक्ने सम्भावना रहेको छ ।

### सुझावहरु

- बहाल विटौरी शुल्कलाई आर्थिक ऐनको दफामा उल्लेख गरी अनुसूचीमा दर उल्लेख गर्ने
- बहाल विटौरी शुल्क लिन सकिने क्षेत्रहरुको पहिचान गरी लगत निकाल्ने

## (ग) नक्सा पास दस्तुर

### विद्यमान अवस्था :

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा वस्ती विकास तथा भवन निर्माण आधारभूत मापदण्ड २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्ड अनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ । यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखिकरण वापत दस्तुर लिन सक्ने कानूनी व्यवस्था रहेको छ। *आर्थिक ऐनको २०७७ दफामा नक्सापास सम्बन्धी शीर्षकमा नक्सापास दस्तुरमा छुट उल्लेख गरेको छ।*

नगरपालिकामा गाभीन आएका साविकका गा.वि.स.हरूमा निर्माण भएका पक्की घरहरूको घर नक्सा अभिलेखीकरण गर्दा हालको घर नक्सा पास सहरको दस्तुर लिई अभिलेखिकरण गर्ने व्यवस्था गरिएको छ । साविकका वालिङ नगरपालिकाका ग्रामीण क्षेत्रहरू जहाँ साविकमा नक्सा पास अनिवार्य नगरिएका क्षेत्रहरूमा निर्माण भएका घरहरूको घर नक्सा अभिलेखीकराण गर्दा हालको नक्सा पास सरह राजश्व लिई घर घर नक्सा अधिलेखीकरण गर्ने व्यवस्था गरिएको छ।

साविक वा हालको नगरपालिका क्षेत्र भित्र तत्कालीन योजना तथा भवन मापदण्ड २०६०, बस्ती विकास शहरी योजना तथा भवन निमार्ण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ अनुसार नगरपालिकाबाट अनुमती नलिई निर्माण भएका घरहरूको हकमा घर नक्सा नियमित गर्दा हालको नक्सापास अनुसार लाग्ने राजश्वको तेव्बर राजश्व लिई घरहरूको नक्सा नियमित गर्ने व्यवस्था गरिएको छ।

गत आ.व.मा घरको नक्सापासबाट रु ३२ लाख ४९ हजार ६ सय ४५ संकलन भएको थियो । चालु आ.व. मा यसबाट रु ५० लाख संकलन हुने अनुमान गरिएकोमा चैत्र मसान्त सम्ममा रु ६३ लाख ८९ हजार ६२ संकलन भएको छ। यस शीर्षकमा अनुमान भन्दा बढी संकलन भएको देखिन्छ।

## सम्भावना:

यस नगरपालिका क्षेत्रमा हालका दिनमा आवासीय र व्यापारिक दुवै वर्गका भवन निर्माणमा विस्तारै बढ्दै जाने अनुमान गरिएको छ । आगामी आ.व.मा नगरपालिका क्षेत्रमा करिब १३० वटा भवन निर्माण मापदण्ड २०७२ अनुसार बन्ने, २० वटा घरको नक्सा नियमित गरिने, ५०० वटा घरहरू अभिलेखीकरण गरिने, ५० वटा कच्ची घरहरू निर्माण हुने र १५० वटा घरहरूले निर्माण सम्पन्नता लिने अनुमान गर्दा तपशिल बमोजिमको दस्तुर संकलन हुने सम्भावना रहेको छ :

**तालिका २४ : नक्सा पास दस्तूरको सम्भाव्यता विश्लेषण**

| भवनको किसिम र बनोट | आ.व. २०७६/०७७ मा नक्सा पास भएको संख्या | आगामी आ.व.को अनुमान | दर (प्रति व.फि.) | दर (रु) | कूल संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका घर | ९९ | १३० | ७.५ | ८०० | ७८०००० |
| नियमित | २३ | २० | २२.५ | ४५० | २०२५०० |
| अभिलेखीकरण | ३०८ | ५०० | ७.५ | २००० | ७५००००० |
| कच्ची घर | ६३ | ५० | | ५०० | २५००० |
| घर सम्पन्नता प्रमाण पत्र | १३१ | १५० | | २००० | ३००००० |
| **जम्मा** | ६२४ | ८५० | ३७.५ | | ८८०७५०० |

## (घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

## विद्यमान अवस्था :

स्थानीय सरकारले एफएम रेडियो संचालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्ने प्रावधान छ । नगरपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५*** तथा ***एफएम रेडियो व्यवस्थापन तथा संचालन***

***कार्यविधि, २०७५*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर संकलन गरिरहेको भएता पनि सो को व्यवस्था आर्थिक ऐनमा गरेको देखिदैन ।

गत आ.व.२०७६/७७ मा ६७३ व्यवसायीबाट यस शीर्षकबाट रु ६ लाख ३७ हजार २ सय रकम संकलन भएको थियो । चालु आ.व.मा रु ५ लाख अनुमान गरिएको र चालु आ.व. को चैत्र मसान्त सम्म रु ५ लाख ८५ हजार ५० हजार रकम संकलन भएको देखिन्छ ।

## सम्भावनाः

नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, "घ" वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिने कानूनी व्यवस्था रहेको छ । यस अध्ययनको क्रममा गरिएको छलफलमा हाल १४४ वटा उल्लिखित व्यवसायिक फर्महरू रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिष्ट्रेशन दस्तुर संकलनको संभावना देहाय अनुसार रहेको देखिन्छ ।

**तालिका २५ : व्यवसाय रजिष्टेशन दस्तूरको सम्भाव्यता विश्लेषण**

| क्र.सं. | व्यवसायको प्रकार | संख्या | औषत दर | कूल संभावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | १० | ३०००० | ३००००० |
| २ | फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक संस्था | २० | १००० | २०००० |
| ३ | स्थानीय व्यवसायिक फर्म | ५० | ३५०० | १७५००० |
| ४ | सहकारी | ६४ | १००० | ६४००० |
| | **जम्मा** | **१४४** | | **५५९०००** |

## सुझावहरु

- यसमा एफएम, रेडियो, विद्यालय स्थापना, व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन, कोचिङ, औषधी पसल, प्लटिङ, ढुंगा गिट्टी सर्वक्षण, उत्खनन्, उपयोग गरे वापतको अनुमति दिन र दस्तुर संकलन गर्न सक्ने ।
- आर्थिक ऐनमै दर्ता अनुमति दस्तुर दर निर्धारण गरी संकलन गर्ने
- अनुमति नलिई सञ्चालन गरेमा दण्ड जरिवानाको व्यवस्था गर्ने
- डकर्मी, सिकर्मी, कालिगड, मिस्त्री, इलेक्ट्रिशियन सीपमुक्त पेशाका लाइसेन्स प्रणाली लागू गरी लाइसेन्स प्राप्त व्यक्तिले मात्र कार्य गर्न पाउने भएमा योगको गुणस्तर बढाउने र यसबाट पटके दस्तुर बढ्ने

## (ङ) सेवा शुल्क

## १ सम्पत्ति तथा आयश्रोत मूल्याङ्कन सेवा शुल्क (अन्य प्रशासनिक सेवा शुल्क)

## विद्यमान अवस्था :

नगरपालिकाले कानून बमोजिम घर, जग्गा लगायत अन्य अचल सम्पत्ति र आयस्रोत मूल्याङ्कन गरी दिए वापत मूल्याङ्कन सेवा शुल्क लिन पाउने व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार नगरपालिकाले आर्थिक ऐन २०७७ मा सम्पत्ति र आयश्रोत मूल्याङ्कन सेवा शुल्कको दर निर्धारण गरेको छैन ।

गत आ.व. मा ५६ सेवाग्राहीबाट सम्पत्ति मुल्यांकन वापत रु ३ लाख २१ हजार ९ सय ८५ संकलन भएको छ । चालु आ.व. मा यस शीर्षकमा २८ लाख अनुमान गरिएकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा रु ४३ लाख ६१ हजार ४ सय ४५ संकलन भएको देखिन्छ ।

### संभावना :

नगरपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मुल्याङ्कन र आयश्रोत मूल्याङ्कन सम्बन्धी सेवा बार्षिक ३०० घरपरिवारले उपयोग गर्ने र सो वापत रु. १००० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु.४५ लाख सेवा शुल्क संकलन हुने अनुमान गरिएको छ ।

## ( च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

### विद्यमान अवस्था :

स्थानीय सरकारले आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, औजार तथा अन्य उपकरणहरू जस्ता सरकारी सम्पत्तिहरू बहालमा लगाउन सक्दछ । हाल यस नगरपालिकाले ब्याकहो लोडर, एक्साभेटर, लोडर, रोलर, पानी ट्यांकी, टिप्पर भाडामा लगाउने गरेको छ । यी औजारहरूको भाडा दर आर्थिक ऐनमा उल्लेख गरेको पाइदैन ।

गत आ.व.मा सम्पत्तिको बहालबाट रकम संकलन भएको देखिदैन । चालु आ.व.मा यस शीर्षकमा आय अनुमान गरिएको छैन । चालु आ.व.को चैत्र मसान्तसम्ममा यस शीर्षकमा १९ लाख १३ हजार ७ सय ५० संकलन भएको छ ।

### संभावना :

चालु आ.व.को ९ महिनाको अवधिमा संकलन भएको राजश्वको आधार मानी १ वर्षमा संकलन हुन सक्ने राजश्व अनुमान गरिएको छ । यस शीर्षकबाट उठ्न सक्ने बहालबाट देहाय बमोजिमको रकम संकलन हुन सक्ने संभावना देखिन्छ ।

**तालिका २६ : सरकारी सम्पत्तिको बहालको सम्भाव्यता विश्लेषण**

| क्र.स. | वहालमा लगाउने सम्पत्तीको विवरण | चालु आ.व.को चैत्र मसान्तसम्मको आय | परिमाण | भाडा दर | भाडा | कूल संभावना रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ब्याकहो लोडर | १८७०० | १ | प्रति घण्टा | २२०० | ४०००० |
| २. | एक्साभेटर | ४०६२५० | १ | प्रति घण्टा | ४५०० | ५५०००० |
| ३ | रोलर | ५०२००० | १ | प्रति दिन | १०००० | ७००००० |
| ४ | लोडर | ५३८०० | १ | प्रति घण्टा | २२०० | ८०००० |
| ५ | पानी ट्यांकी | ३०००० | १ | प्रति दिन | २००० | ५०००० |
| ६ | टिप्पर | ९०३००० | २ | प्रति दिन | ८००० | १३०००००० |
| | **जम्मा** | **१९१३७५०** | | | | **२७२००००** |

### सुझावहरु

- जे सी वि , एक्साभेटरको बहाल रकम दर निर्धारण आर्थिक ऐनमा राख्ने

## (छ) सिफारिस तथा प्रमाणित दस्तुर

### विद्यमान अवस्थाः

नगरपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरी आएको छ । आ.व. २०७६/०७७ मा ९७०५ वटा सिफारिस तथा प्रमाणित दस्तुरबाट रु ६३ लाख ४९ हजार १ सय ५ रकम संकलन भएको थियो । शीर्षकगत रुपमा भन्दा गत वर्ष सिफारिस वापत ५३ लाख ५८ हजार ७ सय ९५, व्यक्तिगत घटना दस्तुरबाट १ लाख ९५ हजार ८ सय, नाता प्रमाणित दस्तुर ५ लाख ८ हजार १ सय र अन्य दस्तुरबाट ७ लाख ९४ हजार ५ सय ९ संकलन भएको थियो । चालु आ.व.को चैत्र मसान्तसम्म सिफारिस वापत ६१ लाख ५ हजार ५ सय ११, व्यक्तिगत घटना

दस्तुरबाट २ लाख ३० हजार ९ सय, नाता प्रमाणित दस्तुर ४ लाख ९० हजार ९ सय ५० र अन्य दस्तुरबाट ५ लाख ३१ हजार २ सय ९९ संकलन भइसकेको छ।

**सम्भावना:**

नगरकार्यपालिका कार्यालय र वडा कार्यलयहरूबाट वार्षिक रुपमा हुने सिफारिस घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, र अन्य दस्तुर गरी जम्मा १०७७३ वटा सिफारिस हुने अनुमान गरिएको छ। शीर्षकगत रुपमा भन्दा सिफारिस वापत ८० लाख, व्यक्तिगत घटना दस्तुरबाट ६० हजार, नाता प्रमाणित दस्तुर ६ लाख २० हजार र अन्य दस्तुरबाट ३ लाख ७५ हजार संकलन हुन सक्ने अनुमान गरिएको छ। सिफारिस तथा प्रमाणित दस्तुर मध्ये सिफारिस दस्तुर, व्यक्तिगत घटना विलम्ब दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुर गरी जम्मा ९० लाख ५५ हजार संकलन हुन सक्ने अनुमान गरिएको छ।

**तालिका २७ : सिफारिस तथा प्रमाणित दस्तूरको सम्भाव्यता विश्लेषण**

| क्र.सं. | सिफारिस प्रमाणीकरणको विवरण | संख्या | | | औषत दर (रु.) | कूल संभावना रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | | गत वर्ष | चालु आ.व.को चैत्र मसान्त | आगामी आ.व.को अनुमान | | |
| १ | सिफारिस दस्तुर | ६७०० | ७६३१ | १०००० | ८०० | ८०००००० |
| २ | घटना दर्ता दस्तुर | १६५६ | १८८० | १२०० | ५० | ६०००० |
| ३ | नाता प्रमाणित दस्तुर | ८१९ | ९११ | १००० | ६२० | ६२०००० |
| ४ | अन्य दस्तुर | ५३० | ३५१ | २५० | १५०० | ३७५००० |
| | **जम्मा** | **९७०५** | **१०७७३** | **१२४५०** | **७४३** | **९०५५०००** |

## (ज) फोहरमैला व्यवस्थापन शुल्क

**विद्यमान अवस्था :**

नगरपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन सेवा दिए वापत शुल्क लिन सक्ने कानूनी व्यवस्था रहेको छ। हाल नगरपालिकाले वडा नं. १, २, ५, ६, ८, ९, १०, १३ का बजार र आवास क्षेत्रहरूबाट फोहरमैला संकलन तथा व्यवस्थापनको काम गरिरहेको छ। चालु आ.व.को चैत्र मसान्तसम्ममा फोहरमैलाको बर्गीकरणबाट पून प्रयोग गर्न मिल्ने कागज लगायत अन्य वस्तुको बिक्रीबाट मात्र रु ३ लाख १० हजार ३ सय प्राप्त भएको छ।

चालु आ.व.को आर्थिक ऐनमा सरसफाई सेवा शुल्क वापत मासिक सेवा शुल्कको दर निर्धारण गरेको छ। सेवा शुल्कमा नीजि आवास घरपरिवारका लागि रु. ५० र व्यवसायिक संस्थाहरूको लागि रु. ७५ देखि ५०० सम्मको दर निर्धारण गरिएको छ।

गत आर्थिक वर्ष २०७६/७७ मा सरसफाई शुल्कबाट रु. १९ लाख ७४ हजार ४ सय ७० संकलन भएको देखिन्छ। चालु आ.व.मा १५ लाख सरसफाई शुल्क अनुमान गरिएकोमा र चैत्र मसान्तसम्म रु. २० लाख ३० हजार ८ सय ५८ संकलन भएको देखिन्छ।

**सम्भावना :**

उपलब्ध तथ्याङ्क तथा अध्ययनको चालु आ.व.को चैत्र मसान्तसम्म रु. २० लाख ३० हजार ८ सय ५८ संकलन भएको र फोहरमैला व्यवस्थापनकालागि बाँकी रहेका वडाहरुमा पनि सेवा उपलब्ध गराउँदा व्यवस्थापन शुल्क र पुन प्रयोग हुने फोहर बेच्दा आगामी वर्षहरुमा करीब रु २८ लाख संकलन हुन सक्ने देखिन्छ।

## (झ) पर्यटन शुल्क

**विद्यमान अवस्था :**

यस नगरपालिकामा रमणीय पर्यटकिय तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिने गह्रौसुर धार्मिक पर्यटकीय क्षेत्र, अकला देवी धार्मिक पर्यटकीय क्षेत्र, मन्साङकोट प्याराग्लाईडिङ, बाहुनथान पर्यटकीय क्षेत्र, एलादी सुन्तला बारी होमस्टे लगाएत ११ वटा होमस्टे र घ्वाङखोला पर्यटकीय क्षेत्रहरू रहेका छन । हालसम्म नगरपालिकाले पर्यटनबाट शुल्क उठाएको छैन ।

**सम्भावना :**

माथि उल्लेखित क्षेत्रहरुहरुमा थप पूर्वाधार र सुविधाको विकास गर्न सकेमा पर्यटन शुल्कबाट देहायअनुसार आय संकलनको संभावना रहेको छ । पर्यटन शुल्कबाट रु २ लाख ६४ हजार संकलन हुन सक्ने सम्भावना रहेको छ ।

**तालिका २८ : पर्यटन शूल्कको सम्भाव्यता विवरण**

| क्र. सं. | पर्यटकीय स्थलको नाम | औषत पर्यटक आवागमन संख्या (अनुमानित) | | प्रवेश शुल्क दर ( रु.) प्रति व्यक्ति | आय सम्भावना (रु.) |
|---|---|---|---|---|---|
| | | दैनिक(औषत) | वार्षिक(औषत) | | |
| १ | गह्रौसुर धार्मिक पर्यटकीय क्षेत्र | २० | ४८०० | १० | ४८००० |
| २ | अकला देवी धार्मिक पर्यटकीय क्षेत्र | ५ | १२०० | १० | १२००० |
| ३ | मन्साङकोट प्याराग्लाईदिङ | १५ | ३६०० | १० | ३६००० |
| ४ | बाहुनथान पर्यटकीय क्षेत्र | २० | ४८०० | १० | ४८००० |
| ५ | एलादी सुन्तला बारी होमस्टे लगाएत ११ वटा होमस्टे | २० | ४८०० | १० | ४८००० |
| ६ | घ्वाङखोला पर्यटकीय क्षेत्र | १० | २४०० | १० | २४००० |
| ७ | पित्लेक डाँडा मन्दिर | ५ | १२०० | १० | १२००० |
| ८ | आँधी खोला ऱ्याटिङ | ५ | १२०० | १० | १२००० |
| ९ | धाराको चौर मन्दिर | ५ | १२०० | १० | १२००० |
| १० | दाङसिया कालिका मन्दिर | ५ | १२०० | १० | १२००० |
| **जम्मा** | | **११०** | **२६४०** | | **२६४०००** |

**सुझावहरु**

- आर्थिक ऐनमा पर्यटन शुल्कको संकलन सम्बन्धी व्यवस्था गरि शुल्कको दर निर्धारण गर्ने
- नगरपालिकाको लगानी भएको क्षेत्रमा प्रवेश शुल्क रु २५ र अर्काले गरेको लगानीमा शुल्कको ५% को दरले संकलन गर्ने
- पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन गुरुयोजना तयार पारी सम्भाव्यता अध्ययन गर्ने

## (ञ) पार्किङ्ग शुल्क

**विद्यमान अवस्था :**

विद्यमान कानून अनुसार नगरपालिकाले आफुले निर्माण गरी संचालन तथा व्यवस्थापन गरेको पार्किङ स्थलहरुमा सवारी साधनहरुलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लिन पाउने व्यवस्था रहेको छ । नगरपालिकाले बस पार्क र जीप पार्किङ स्थल निर्माण, संचालन र व्यवस्थापनका लागि पार्किङ व्यवस्थापन कार्यविधि विधि तयार गरी स्वीकृत गर्नुपर्दछ । हालसम्म नगरपालिकाले पार्किङ्ग शुल्क वापत आय आर्जन गरेको छैन । आर्थिक ऐन, २०७७ मा पार्किङ शुल्कको दर निर्धारण गरेको छैन भने हालसम्म यस शीर्षकमा शुल्क संकलन समेत गरेको छैन ।

**संभावना :**

नगरपालिकाको बजार र सार्वजनिक क्षेत्रमा पार्किङस्थल बस बिसौनी, पार्किङ स्थल लगायतका पूर्वाधारहरु सुविधा उपलब्ध नहुँदा अनाधिकृत रुपमा सडक तथा पेटीमा सवारी साधन पार्किङको समस्या देखिएको छ । नगरपालिकाले बसपार्क तथा जीप पार्किङ्ग स्थलमा सवारी साधन धुने सहितको सुविधा उपलब्ध गराई आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ ।

**तालिका २९ : पार्कि□ शूल्कको सम्भाव्यता विवरण**

| क्र.सं. | बसपार्क वा पार्किङ रहेको स्थान | सवारी साधनको संख्या | पार्किङ शुल्कको दर (रु.) | | कूल संभाव्य रकम ( रु.) |
|---|---|---|---|---|---|
| | | | दैनिक | वार्षिक | |
| १. | वलिङ बसपार्क | २५ | १०० | ३६५०० | ९१२५०० |
| २. | मिर्दी जिप पार्क | १०० | ५० | १८२५० | १८२५००० |
| ३. | भुम्रे जिप पार्क | ७० | ५० | १८२५० | १२७७५०० |
| ४ | बायटारी जिप पार्क | १० | ५० | १८२५० | १८२५०० |
| | **जम्मा** | **२०५** | **६२.५** | | **४१९७५००** |

## सुझावहरु

- पार्किङ्ग स्थलमा सवारी साधन धुने तथा शौचालयको समेत व्यवस्था गरी पार्किङ्ग स्थलको निर्माण गर्ने
- पार्किङ्ग शुल्क संकलन गर्दा सार्वजानिक नीजी साझेदारी पद्धतिबाट गर्दा प्रभावकारी हुने ।

# परिच्छेद : चार

# राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई कार्यपालिकाबाट स्वीकृत एवं बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ४.१ राजश्व सुधारका क्षेत्रहरू

राजश्व सुधारका लागि अपनाउनु पर्ने क्रियाकलापहरू तपशिलमा उल्लेख गरिएको छ ।

**दायरा** : राजश्व सुधारको लागि संविधान तथा कानूनले व्यवस्था गरेको नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने हुनु पर्दछ । क्षेत्राधिकार भित्र पर्ने राजश्वको संकलन तथा परिचालन गर्ने संभावना के कस्तो छ सो को पहिचान गर्नुपर्दछ । करको आधार (सम्पत्ती, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग)को पहिचान गर्नुपर्दछ । करदाता, उपभोगकर्ता,र सेवाग्राहीको पहिचान पश्चात तीनीहरूको एकिन तथ्याङ्क पत्ता लगाई त्यसको दायरा एकिन गर्नुपर्दछ ।

**दर** : करदाताको पहिचान पश्चात नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने करदातालाई करदाताको सामर्थ्यका आधारमा न्यायोचित ढंगबाट करको दर निर्धारण गर्नुपर्दछ । करको दर निर्धारण गर्दा समान दर, प्रगतिशिल वा अनुदारवादी के कस्तो छ सो को समिक्षा गरी प्रगतिशिल कर लगाउनुपर्दछ । करको दर निर्धारण गर्दा तपशिलमा उल्लेखित विषयमा ध्यान दिनुपर्दछ ।

- विगत वर्षहरूको करको दर
- छिमेकी स्थानीय सरकारको करको दर
- करदाताको कर तिर्ने क्षमता
- करको आधार (सम्पत्ती, आय, वस्तु तथा सेवा)
- सेवा तथा दस्तुरको लागत
- राजस्व संकलनको अवस्था
- सम्पत्तीको मुल्य तथा उपयोग
- पुँजिगत लगानी र आर्थिक कारोबार

**व्यवस्थापन** : करदाताको पहिचान, संख्या निर्धारण तथा दायरा निश्चित गरी करका दरहरू न्यायोचित ढंगबाट निर्धारण पश्चात राजश्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, संगठन संरचनामा सुधार भौतिक सुविधा, मानव संशाधन, प्रविधि र सफ्टवयर, सूचना तथा अभिलेख राख्नुपर्दछ । राजश्वको सुधारको लागि हरेक तथ्याङ्कको अभिलेख राखि राजश्व चुहावट हुन नदिन अनुगमन गर्नुपर्दछ ।

## ४.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

संकलित सूचनाको अध्ययन तथा विश्लेषण र छलफल कार्यक्रमबाट प्राप्त सुझावको आधारमा पहिचान भएका यस नगरपालिकाको राजश्व सुधारको लागि गर्नुपर्ने प्रमुख कार्यहरू देहायअनुसार प्रस्तुत गरिएको छ :

- ह्रास कट्टीको व्यवस्था सहितको सम्पत्ति कर संकलन कार्यविधि निर्माण गरी आर्थिक ऐन तथा सफ्टवेयरमा करका दर निर्धारण गर्ने
- जग्गाको मूल्य र क्षेत्रफलका आधारमा मालपोत करका दर निर्धारण गरी आगामी आ.व. देखि संकलनको व्यवस्था मिलाउने
- घरजग्गा बहाल कर संकलनको लागि कार्यविधि निर्माण गरी संस्थागत र व्यक्तिगत प्रयोजनको लागि अलग अलग दर निर्धारण गरी संकलनको व्यवस्था मिलाउने
- व्यवसाय कर निर्धारण गर्दा व्यवसायको प्रकृतिको आधारमा नगरी पूँजीगत लगानीको आधारमा गर्नको लागि वालिङ उद्योग वाणिज्य संघसंग समन्वय गरी निर्धारण गर्ने
- विज्ञापनको लागि प्रयोग भइरहेका होर्डिङ्ग वोर्ड, व्यानर, पोष्टरको लागत संकलन गरी दर निर्धारण गर्ने र संकलनको व्यवस्था मिलाउने ।
- साना सवारी करको दर निर्धारण गरी आर्थिक ऐनका उल्लेख गर्नुपर्ने
- बहाल विटौरी शुल्क लगाउन सकिने स्थानहरूको लागत संकलन गरी करका दर निर्धारण गर्ने
- सवारी साधन धुने, सार्वजनिक शौचालय सहितको पार्किङ्ग स्थलको व्यवस्था गरी शुल्कको दर निर्धारण गर्ने
- आय संकलन गर्दा महालेखा परिक्षकको कार्यालयले निर्धारण गरेका राजश्वका संकेतका आधारमा संकलन गर्ने परिपाटी मिलाउने ।
- आर्थिक ऐन बनाउँदा सबै आयका शीर्षकमा राजश्व संकेत उल्लेख गरी बनाउने ।

## ४.३ राजश्व सुधार कार्ययोजना तर्जुमा

यस परिच्छेदमा नगरपालिकाबाट उपलब्ध भएका र सहभागितामुलक छलफलबाट प्राप्त सूचनाहरूका आधारमा तयार पारिएको नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

**तालिका ३० : राजश्व सूधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | **(क) कर राजश्व** | | |
| सम्पत्ति कर | - सम्पत्ति कर सम्वन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने<br>- नगर भित्र रहेका सबै सम्पत्ति सम्बन्धी करदाताको पहिचान गरी विवरण अद्यावधिक गरी दर पुनरावलोकन गर्ने । | - २०७८ असार मसान्त | - राजश्व उपशाखा<br>- प्राविधिक शाखा<br>- राजश्व परामर्श समिति |
| भूमीकर (मालपोत) | - मालपोत संकलन कार्यविधि तयार पारी लागु गर्ने<br>- जग्गाको मुल्यको आधारमा दर निर्धारण गरी करका दर सफ्टवेयरमा मिलाउने<br>- मालपोत करदाताको लगत तयार पार्ने | २०७८ असार मसान्त | - राजश्व उपशाखा<br>- प्राविधिक शाखा<br>- राजश्व परामर्श समिति |
| घरजग्गा वहाल कर | - घरजग्गा बहाल कर संकलन कार्यविधि निर्माण गर्ने | २०७८ भाद्र मसान्त | - राजश्व परामर्श समिति |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - घर तथा जग्गा वहालमा लगाउने घरधनीहरूको लगत संकलन गर्ने । | | - राजश्व उपशाखा<br>- लेखा शाखा<br>- जिन्सी शाखा |
| व्यवसाय कर | - नगर भित्र रहेका व्यवसायीहरूको स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गर्ने | २०७८ मंसिर मसान्त भित्र | - प्रमुख प्रशासकीय अधिकृत<br>- वडा सचिवहरु<br>- राजश्व उपशाखा |
| | - करको दायरामा नआएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत आब्हान गर्ने<br>- घरदैलो कार्यक्रम मार्फत व्यवसाय दर्ता प्रमाणपत्र दिने तथा कर असुली गर्ने | प्रत्येक आर्थिक बर्ष भरी नियमित रुपमा | - राजश्व उपशाखा<br>- लेखा शाखा<br>- वडा सचिवहरु |
| | - निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | प्रत्येक आर्थिक बर्ष भरी नियमित रुपमा | - नगरपालिका<br>- राजश्व परामर्श समिति<br>- राजश्व उप शााखा |
| | - उद्योग बाणिज्य संघ वालिङका प्रतिनिधिहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | - राजश्व परामर्श समिति<br>- राजश्व उप शााखा |
| विज्ञापन कर | - सम्भाब्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गर्ने | आ.व. २०७८/ ०७९ भित्र | - राजश्व परामर्श समिति<br>- राजश्व उप शााखा |
| साना सवारी साधन | - ई-रिक्सा, टांगा, ठेला आदी | आवश्यकतानुसार | राजश्व उपशाखा |
| जडिबुटी, कवाडी र जिवजन्तु कर | - संभाब्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गर्ने | आ.व. २०७८/ ०७९ भित्र | - राजश्व परामर्श समिति<br>- राजश्व शााखा |
| **(ख) गैरकर राजश्व** | | | |
| वहाल विटौरी शुल्क | - पर्ति जग्गा र ती जग्गामा बनेका नीजि संरचनाको अभिलेख तयार पार्ने र करको दायरामा ल्याउने | आ.व. २०७८/ ०७९ भित्र | - राजश्व परामर्श समिति<br>- राजश्व उप शााखा |
| स्थानीय पूर्वाधार उपयोग सेवा | - पर्यटकीय तथा धार्मिक क्षेत्रमा पूर्वाधार तयार गरी करको दायरामा ल्याउने<br>- तरकारी तथा फलफूल संकलन केन्द्र निर्माण गरी उपयोग सेवा शुल्क असुल गर्ने | आ.व. २०७८/ ०७९ भित्र | - राजश्व परामर्श समिति<br>- राजश्व उप शााखा |
| | - बस तथा जीप पार्क निर्माण गरी पार्किङ शुल्क संकलन गर्ने<br>- फोहरमैला व्यवस्थापन संकलन सबै वडासम्म पुऱ्याएर सेवा शुल्क | आ.व. २०७८/ ०७९ भित्र | - नगरसभा, नगरपालिका<br>- राजश्व परामर्श समिति |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | लगाउने | | - राजश्व उपशाखा |
| नक्सापास दस्तुर | - ग्रामिण क्षेत्र लगायत शहरी क्षेत्रमा नक्सापास अनिवार्य गराउने र अभिलेखीकरण तथा नियमित कार्यलाई तिब्रता दिने | आ.व. २०७८/ ०७९ भित्र | - राजश्व परामर्श समिति<br>- प्राविधिक शाखा<br>- नगर कार्यपालिका |
| अन्य दस्तुर तथा सेवा शुल्क | - नगरपालिकामा बुझाउनु पर्ने विभिन्न कर दस्तुरहरूको बारेमा स्थानीय संचार माध्यम मार्फत प्रचार प्रसार गर्ने | आ.व. २०७८/०७९ भित्र | - नगर कार्यपालिका<br>- लेखा शाखा<br>- राजश्व उपशाखा |
| **(ग) आर्थिक विकास र लगानी** | | | |
| सम्भाव्य आर्थिक क्षेत्रको पहिचान, निर्माण, सञ्चालन तथा व्यवस्थापन | पूर्वाधार बनाउन सकिने जग्गामा पूर्वाधार निर्माण गर्ने | २०७९ आषाढ मसान्तसम्म | नगर कार्यपालिका |
| **(घ) राजश्व प्रशासन** | | | |
| राजश्व संकलन तथा अभिलेख | - राजश्वका सबै क्षेत्र समेट्ने गरी सफ्टवेयरमा करका दर अद्यावधिक गर्ने र करदाताको विवरण सोही सफ्टवेयरमा प्रविष्ट गर्ने | आ.व.०७८ श्रावण भित्र | - नगरकार्यपालिका<br>- राजश्व उपशाखा |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यमको अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसुचित गर्ने ।<br>- नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट संकलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टास्ने<br>- नगरपालिकाको आम्दानी र खर्च ( विशेष गरी आन्तरिक राजश्व तथा तिनको उपयोग) नियमित रुपमा सार्वजनिक गर्ने | मासिक रुपमा | - नगर कार्यपालिका<br>- प्रमुख प्रशासकीय अधिकृत<br>- लेखा शाखा<br>- राजश्व उपशाखा<br>- वडा सचिवहरू |
| अनुगमन | - करदाताहरूको विवरण अद्यावधिक गर्ने छुटेका करदातालाई करदाताको सूचिमा समावेश गर्ने ।<br>- राजश्व अनुगमन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने<br>- कर संकलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाउने | - आ.ब.०७८/०७९ भित्र<br>- अनुगमन प्रत्येक तीन महिनामा | - राजश्व परामर्श समिति<br>- राजश्व उपशाखा |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - बढी कर तिर्ने वा अन्य किसिमका उत्कृष्ट करदातालाई सम्मान गर्ने<br>- कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्मचारीहरूलाई पुरस्कृत गर्ने | वार्षिक रुपमा (नगरसभा गर्ने दिनमा) | - प्रमुख प्रशासकिय अधिकृत<br>- कार्यपालिका |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सूचना प्रविधिको उपयोग | करदाता विवरण अद्यावधिक गर्ने (GIS मार्फत Tax Mapping Database System) | आगामी आ.ब. को कार्तिक भित्र सुचना प्रविधि शाखा | राजश्व उपशाखा, सुचना प्रविधि शाखा |
| | राजश्व उपशाखामा कार्यरत कर्मचारीहरू र वडा सचिवहरुलाई राजश्व संकेत अनुसार राजश्व संकलन गर्न आवश्यक तालिम उपलब्ध गराउने | २०७८ भाद्र मसान्त सम्म | राजश्व उपशाखा र सफ्टवेयर प्रदायक संस्था |
| | शीर्षकगत करदाता विवरण तयारी अद्यावधिक गर्ने (GIS मार्फत Tax Mapping Database System) | आगामी आ.ब. को कार्तिक भित्र | राजश्व उपशाखा, सुचना प्रविधि शाखा |

*स्रोत: नगरपालिका स्तरीय कार्यशाला, २०७८*

# परिच्छेद : पाँच

# आगामी ३ वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि नगरपालिकाको राजश्व प्रक्षेपण गरिएको छ। राजश्व प्रक्षेपण गर्दा महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ उल्लिखित शीर्षकगत रुपमा गरिएको छ। नगरपालिकाको राजश्व अधिकार, हालको आय संकलन अवस्था तथा राजश्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ५.१ राजश्व प्रक्षेपणका विधिहरू

**तथ्यांकिय आधार :** संख्या, दर र दायराको सूचना उपलब्ध हुनसक्ने भएमा करदाता संख्या × करको औसत दर × दायरामा ल्याउन सक्ने प्रतिशतबाट प्रक्षेपण गरिन्छ। जस्तै : सम्पत्ति कर, भुमिकर, व्यवसाय कर, वहाल कर आदि।

**विगतको राजश्व वृद्धिदर (Trend) को आधार** : विगतको आय सम्वन्धी जानकारी भएको तर भविश्यमा हुन सक्ने संख्या वा दर वा दायरा मध्ये कुनै एक प्राप्त हुन नसक्ने भएमा विगतको राजश्वको वृद्धि दरको आधारमा प्रक्षेपण गरिन्छ। जस्तै : *नक्सापास, सिफारिस दस्तुर आदि।*

**संभ्फौताको आधार :** कुनै शीर्षकमा आम्दानी प्राप्त हुने गरी विगतमा संभ्फौता भएको अवस्थामा सोही सम्भ्फौतालाई आधार मानी राजश्व प्रक्षेपण गरिन्छ। *जस्तै :विज्ञापन कर, ढुङ्गा, गिट्टी, वालुवा विक्री, बहाल विटोरी शुल्क (हाट बजार) आदि।*

**लमसम वृद्धिदर :** स्थानीय तहको नियन्त्रणमा नभएका र संभ्फौता पनि नभएका स्रोतहरू र राजस्व शीर्षक प्राप्तीको अवस्था हेरी केही अनुमानित प्रतिशतमा वृद्धि हुने देखिएमा अनुमानमा प्रक्षेपण गरिन्छ। जस्तै : *अनुदान, राजश्व बाँडफाँड, रोयल्टी आदि।*

**आधार विना अनुमान** : स्रोत सम्वन्धी सूचना नभएको र विगतको तथ्याङ्क पनि उपलब्ध नभएको खण्डमा आधार विनानै अनुमान गरिन्छ।

**शुन्य प्रक्षेपण :** आयको संभावना नभएका स्रोतहरू भएमा प्रक्षेपण गरिंदैन।

## ५.२ राजश्व संकलनमा पर्ने असरको प्रारम्भिक आँकलन

राजश्वको शीर्षकहरूको पहिचान गरी दायरा वृद्धि गर्दै जाँदा नगरपालिकाको आन्तरिक आयमा उल्लेख्य रुपमा प्रभाव पार्ने देखिन्छ। विगतका आ.व.मा दायरामा नआएका राजश्वका शीर्षकहरूको पहिचान गरी करका दायरामा ल्याउँदा राजश्वमा उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ। आगामी आ.व.मा आन्तरिक आयमा समावेश हुने प्रमुख शीर्षकहरू विश्लेषण तपशिलमा उल्लेख गरिएको छ :

### क) व्यवसाय कर :

व्यवसाय करबाट यस नगरपालिकाले राम्रो आम्दानी गर्दै आएको छ। नगरपालिका भए पनि अधिकांश भाग गाउँले भरिएको यस नगरमा आउँदा दिनमा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकासले नगरको ग्रामिण क्षेत्रमा पनि विभिन्न किसिमका व्यवसायहरूको शुरुवात हुँदै गएको पाइन्छ। सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउँदा व्यवसाय करमा उल्लेख्य मात्रामा आय संकलन हुन सक्ने अनुमान गरिएकोछ।

### ख) घरजग्गा बहाल कर :

यस नगरमा घरजग्गा बहाल कर विगतका आ.व.मा पनि संकलन भई आएको छ। यो कर बढी मात्रामा व्यवसायिक प्रयोजन तथा संस्थागत रुपमा भाडामा दिने घरधनीबाट प्राप्त गरिँदै आएको छ। व्यक्तिगत प्रयोजनकोलागि भाडामा

लगाउँदा भाडा रकमको ५ प्रतिशत मात्र संकलन गर्दा करको दायरामा वृद्धि हुनेछ र आगामी आर्थिक वर्षमा बहाल कर पनि वृद्धि हुँदै जाने अनुमान गरिएको छ।

### ग) नक्सा पास दस्तुर :

विगतका आ.व.मा देखि नै नक्सापास दस्तुरको शुरुवात गरिएको छ । यस नगरमा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकास संगै पक्की घर तथा भवनहरूको निर्माण हुँदै गएको पाइन्छ। बस्ती विकास शहरी योजना तथा भवन निमार्ण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ अनुसार नगरपालिकाबाट अनुमती नलिई निर्माण गरिएका घरहरूको घर नक्सा नियमित गर्दा, घरको अभिलेखीकरण गर्दा यस शीर्षकमा उल्लेख्य मात्रामा आय आर्जन हुने सम्भावना रहेको छ।

### घ) घरजग्गा रजिश्ट्रेशन दस्तुर :

घरजग्गा रजिष्ट्रेशन दस्तुर कोभिड १९ को कारणले थला परेको भएता पनि गत आर्थिक वर्षमा उल्लेख्य मात्रामा संकलन भएकोले आगामी वर्षहरूमा पनि घरजग्गा रजिष्ट्रेशनबाट उल्लेख्य मात्रामा आय वृद्धि हुदैं जाने आंकलन गरिएको छ।

### ङ) मालपोत कर :

यस नगरपालिकामा वि.सं. २०६८ साल देखि मालपोत कर संकलन नगरी एकिकृत सम्पत्ति कर र २०७५ साल देखि सम्पत्ति कर मात्र संकलन गरिएकोमा यस आ.व. देखि मालपोत कर पनि समावेश गर्दा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आंकलन गरिएको छ।

### च) बहाल बिटौरी शुल्क :

यस नगरपालिकामा विगतका आ.व.मा यस शीर्षकबाट राजश्व संकलन नभएकोमा आगामी आ.व.देखि यस शीर्षकलाई पनि दायरामा ल्याउँदा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आंकलन गरिएको छ।

## ५.३ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व.२०७८/७९ देखि २०८०/८१) को लागि राजश्व प्रक्षेपण गरिएको छ। राजश्वको प्रक्षेपण गर्दा विगतका ३ आ.व. को राजश्व वृद्धि दर, चालु आ.व. मा गरिएको अनुमान र चालु आ.व.को चैत्र मसान्तसम्म संकलन भएको आयका आधारमा गरिएको छ। गत आ.व.मा नसमेटिएका आयका शीर्षकहरूको हकमा राजश्व सुधार कार्ययोजनामा उल्लेख गरिएका कार्यक्रमले पार्ने प्रभावलाई मध्येनजर गरी तथ्याङ्कमा आधारित भएर गरिएको छ। आय प्रक्षेपणका आधारहरूलाई शीर्षकगत रुपमा देहायअनुसार व्याख्या गरिएको छ।

**तालिका ३१ : आगामी आ.व.ह□का लागि राजश्व प्रक्षेपणका आधारह□ (रु. हजारमा)**

| राजस्व संकेत | राजश्व शीर्षक | २०७८/७९ कुल संभाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | **१३४१०९** | |
| ११३१३ | सम्पत्ति कर | ६११८४ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमी कर (मालपोत) | ५२२८ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | १४८१४ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५१ | सवारी साधन कर | ४४० | आ.व. २०७८/७९ मा कुल सम्भावनाका ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजश्व शीर्षक | २०७८/७९ कुल संभाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | यस शीर्षकमा राजश्व संकलन गर्न नमिल्ने |
| ११४७० | विज्ञापन कर | ४६८ | आ.व. २०७८/७९ मा कूल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६३२ | जडिबुटी तथा कवाडी कर | ७०० | आ.व. २०७८/७९ मा कूल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल विटौरी शुल्क | २५०० | आ.व. २०७८/७९ मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४७१ | अन्य मनोरञ्जन कर | १५५ | आ.व. २०७८/७९ मा कूल संभावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर | १०० | आ.व. २०७८/७९ मा कूल संभावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | १०७४ | आ.व. २०७८/७९ मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४४९ | आ.व.२०७८/७९ मा ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | २७२० | आ.व. २०७८/७९ मा ब्याकहो लोडर, एक्साभेटर, लोडर, रोलर, पानी ट्यांकी, टिप्पर भाडाबाट प्राप्त हुने रकमको ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जाने |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | ६० | आ.व. २०७८/७९ मा फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्रीवाट रु ६० हजार संकलन हुने र त्यसपछि बार्षिक १० प्रतिशत वृद्धि हुँदै जाने |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ० | अनुमान नगरिएको |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | अनुमान नगरिएको |
| | *ढुङ्गा, गिट्टी, बालुवा बिक्री* | ११९३८ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| | *फोहरमैला व्यवस्थापन सेवा शुल्क* | २८०० | आ.व. २०७८/७९ मा कूल संभावनाको १०० प्रतिशत र त्यस पछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२२९ | प्रशासनिक सेवा शुल्क | ४५०० | आ.ब. २०७८/७९ मा एकमुष्ट ४५ लाख र त्यसपछि क्रमश: १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान |
| १४२२१ | न्यायिक दस्तुर | २० | आ.ब. २०७८/७९ मा एकमुष्ट २० र त्यसपछि क्रमश: १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २७५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४१ | पार्किङ्ग शुल्क | ४१९८ | आ.व. २०७८/७९ मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | ८८०८ | आ.व. २०७८/७९ मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिस दस्तुर | ८००० | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ६० | आ.व. २०७८/७९ मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले घट्दै जाने |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ६२० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ३७५ | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२९१ | पर्यटन शुल्क | २६४ | आ.व. २०७८/७९ मा कूल संभावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजश्व शीर्षक | २०७८/७९ कुल संभाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | २०० | आ.व. २०७८/७९ मा कूल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५० | आ.व. २०७८/७९ मा कूल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४५२९ | अन्य राजस्व | २००० | आ.व. २०७८/७९ मा कूल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| **ख.** | **राजश्व बाँडफाँट** | **१२३५०५** | |
| ***ख.१*** | ***नेपाल सरकार*** | ***१०२२६८*** | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | १०२२६८ | चालु आ.व.को लागि गरिएको अनुमानमा क्रमशः ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ० | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | गत आ.को प्राप्त रकममा क्रमशः ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| ***ख.२*** | ***प्रदेश सकार*** | ***२१२३७*** | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १२००० | चालु आ.व.को लागि गरिएको अनुमानमा क्रमशः ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ८७१९ | चालु आ.व.मा का लागि गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५० | आ.ब. २०७८/७९ मा एकमुष्ट २३ हजार र त्यसपछि क्रमशः ५ प्रतिशतले वृद्धि हुँदै जाने अनुमान |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ४६८ | आ.व. २०७८/७९ मा कूल संभावनाको ६० प्रतिशत र त्यसपछि क्रमशः १० प्रतिशतका दरले बृद्धी हुँदै जाने |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **६२८९१६** | |
| ***ग.१*** | ***नेपाल सरकार*** | ***६०५११५*** | |
| १३३११ | समानीकरण अनुदान | १६२४३५ | आ.व. २०७८/७९ मा चालु आ.व. रकममा ५ प्रतिशतले बढ्ने र त्यसपछि क्रमशः १० प्रतिशतले बढ्दै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ४०६२४५ | चालु आ.व.मा का लागि गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | |
| १३३१४ | विशेष अनुदान चालु | ० | चालु आ.व.मा का लागि गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | १०५०० | |
| १३३१६ | समपुरक अनुदान चालु | २१००० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ० | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ४९३५ | |
| ***ग.२*** | ***प्रदेश सरकार*** | ***२३८०१*** | |
| १३३११ | समानीकरण अनुदान | १३३०१ | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | |
| १३३१४ | विशेष अनुदान चालु | ० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | |
| १३३१६ | समपुरक अनुदान चालु | १०५०० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | |
| १३३१८ | अन्य अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |

| राजस्व संकेत | राजश्व शीर्षक | २०७८/७९ कुल संभाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | *0* | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | अनुमान नगरिएको |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | |
| | **कूल जम्मा** | **८८६५३१** | |

## ५.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण आय शीर्षकको संभाव्य आधार तथा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गरिएको छ । राजश्वको प्रक्षेपण गर्दा राजश्व कोडको आधारमा गरिएको छ ।

**तालिका ३२ : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा)**

| राजस्व संकेत | राजश्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ को अनुमान | २०७८/७९ को प्रक्षेपण | २०७९/८० को प्रक्षेपण | २०८०/८१ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | **३१४७३** | **४०७२३** | **१११९५०** | **१२२३१३** | **१३३९५२** |
| ११३१३ | सम्पत्ति कर | ४,९१६ | ६,६५० | ४८९४७ | ५३८४२ | ५९२२६ |
| ११३१४ | भूमी कर (मालपोत) | ५९ | २७५ | ४१८२ | ४६०१ | ५०६१ |
| ११३२१ | घर बहाल कर | ३,०६६ | २,५०० | ११८५१ | १३०३६ | १४३४० |
| ११४५१ | सवारी साधन कर | १९९ | ३५० | ३९६ | ४३६ | ४७९ |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४,२८७ | ४,२०० | राजश्व संकलनगर्न नमिल्ने भएकोले प्रक्षेपण नगरिएको | | |
| ११४७० | विज्ञापन कर | ० | ४५० | ३२८ | ३६१ | ३९७ |
| ११६३२ | जडिबुटी तथा कवाडी कर | ६२३ | ६२३ | ७०० | ७७० | ८४७ |
| ११३२२ | बहाल विटौरी शुल्क | १०० | ६४५ | २००० | १४०० | ९८० |
| ११४७१ | अन्य मनोरञ्जन कर | ५३ | १५५ | ९३ | १०२ | ११३ |
| ११६९१ | अन्य कर | ३२ | १०० | ६० | ६६ | ७३ |
| १४६११ | व्यवसाय कर | ९७२ | २,५०० | ८५९ | ९४५ | १०४० |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६३७ | ५०० | ५०३ | ५५३ | ६०९ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ० | ० | २४४८ | २६९३ | २९६२ |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | ० | ० | ६० | ६६ | ७३ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ० | ० | ० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १,३४९ | ० | ० | | |
| | *ढुङ्गा, गिट्टी, बालुवा बिक्री* | १,८५४ | ५,००० | ११९३८ | १३१३१ | १४४४४ |
| | *फोहरमैला व्यवस्थापन सेवा शुल्क* | १,९७४ | १,५०० | २८०० | ३०८० | ३३८८ |
| १४२२९ | प्रशासनिक सेवा शुल्क | ० | ० | ४५०० | ४९५० | ५४४५ |
| १४२२१ | न्यायिक दस्तुर | ० | ० | २० | २२ | २४ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १६४ | २७५ | २२० | २४२ | २६६ |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | ३३५८ | ३६९४ | ४०६३ |
| १४२४२ | नक्सापास दस्तुर | ३,२५० | ५,००० | ७०४६ | ७७५१ | ८५२६ |
| १४२४३ | सिफारिस दस्तुर | ५,३५९ | ६,००० | ६४०० | ७०४० | ७७४४ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १९६ | २०० | ३६ | ३२ | २९ |

| राजस्व संकेत | राजश्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ को अनुमान | २०७८/७९ को प्रक्षेपण | २०७९/८० को प्रक्षेपण | २०८०/८१ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५०८ | ६०० | ४९६ | ५२१ | ५४७ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ७९५ | १,००० | ३०० | ३३० | ३६३ |
| १४२९१ | पर्यटन शुल्क | ० | ० | १५८ | १७४ | १९२ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | २०६ | २०० | २०० | २२० | २४२ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | ५० | ५५ | ६१ |
| १४५२९ | अन्य राजस्व | ८७४ | २,००० | २००० | २२०० | २४२० |
| **ख.** | **राजश्व बाँडफाँट** | **९१,५०४** | **१२०,९८७** | **१२९,४६७** | **१३५,९५५** | **१४२,७६८** |
| ***ख.१*** | ***नेपाल सरकार*** | ***७५६११*** | ***१०२२६८*** | ***१०७३८१*** | ***११२७५०*** | ***११८३८८*** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ७५,६११ | १०२,२६८ | १०७३८१ | ११२७५० | ११८३८८ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | ० | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० | ० | ० | ० |
| ***ख.२*** | ***प्रदेश सकार*** | **१५८९३** | **१८७१९** | **२२०८६** | **२३२०४** | **२४३८०** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८,९५९ | १०,००० | १२६०० | १३२३० | १३८९२ |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ६,९३४ | ८,७१९ | ९१५५ | ९६१३ | १००९३ |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ५० | ५३ | ५५ |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ० | २८१ | ३०९ | ३४० |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **६५९३२१** | **५९८९६८** | **६१४६७१** | **६४५४०५** | **६७७०९६** |
| ***ग.१*** | ***नेपाल सरकार*** | ***६३०२२०*** | ***५७६३००*** | ***५८९६८०*** | ***६१९१६४*** | ***६५०१२२*** |
| १३३११ | समानीकरण अनुदान | १५७,४०० | १५४,७०० | १६२४३५ | १७०५५७ | १७९०८५ |
| १३३१२ | ससर्त अनुदान चालु | ० | ३८६,९०० | ४०६२४५ | ४२६५५७ | ४४७८८५ |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ७५,०११ | ० | | | |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ३७५,००० | १०,००० | | | |
| १३३१६ | समपुरक अनुदान चालु | १६,००० | २०,००० | २१००० | २२०५० | २३१५३ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | ० | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ६,८०९ | ४,७०० | | | |
| ***ग.२*** | ***प्रदेश सरकार*** | ***२९१०१*** | ***२२६६८*** | ***२४९९१*** | ***२६२४१*** | ***२६९७४*** |
| १३३११ | समानीकरण अनुदान | १३,२७९ | १२,६६८ | १३९६६ | १४६६५ | १५३९८ |
| १३३१२ | ससर्त अनुदान चालु | ० | ० | ० | ० | ० |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | ० | | | |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | १,६२२ | ० | | | |
| १३३१६ | समपुरक अनुदान चालु | ५,००० | १०,००० | ११०२५ | ११५७६ | ११५७६ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | ० | | | |
| १३३१८ | अन्य अनुदान चालु | ० | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ९,२०० | ० | | | |

| राजस्व संकेत | राजश्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ को अनुमान | २०७८/७९ को प्रक्षेपण | २०७९/८० को प्रक्षेपण | २०८०/८१ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | ० | ० | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | | | |
| | **कूल जम्मा** | **७८२२९८** | **७८२२९८** | **७६०६७८** | **८५६०८९** | **९०३६७३** |

## ५.५ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश

कुल आयमा आन्तरिक आयको योगदानको विश्लेषण गर्दा गत वर्ष १.५५ प्रतिशत र चालु आ.व.मा १.२८ प्रतिशत देखिन्छ । कुल सम्भाव्यता अनुसारको राजश्व कूल आयको ३.६२ प्रतिशत हुन्छ । आ.व. २०८०/८१ मा आन्तरिक आय कुल कायको २.७१ प्रतिशत हुन सक्नेछ । आय शीर्षकको संभाव्य आधार तथा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको ३ वर्षको प्रक्षेपित आयको विवरण शारांशमा तल दिइएको छ ।

**तालिका ३३ : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा)**

| क. सं. | राजश्व शीर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ को अनुमान | २०७८/७९ कुल संभाव्यता | २०७८/७९ को प्रक्षेपण | २०७९/८० को प्रक्षेपण | २०८०/८१ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| **क.** | **आन्तरिक आय** | ३१४७३ | ४०७२३ | १३४१०९ | १११९५० | १२२३१३ | १३३९५२ |
| **ख.** | **राजश्व बाँडफाँड** | ९१५०४ | १२०९८७ | १२३५०५ | १२९४६७ | १३५९५५ | १४२७६८ |
| | *नेपाल सरकार* | *६३०२२०* | *५७६३००* | *६०५११५* | *५८९६८०* | *६११९६४* | *६५०१२२* |
| | *प्रदेश सरकार* | *१५८९३* | *१८७१९* | *२१२३७* | *२२०८६* | *२३२०४* | *२४३८०* |
| **ग.** | **अनुदान तथा वित्तिय हस्तान्तरण** | ६५९३२१ | ५९८९६८ | ६२८९१६ | ६१४६७१ | ६४५४०५ | ६७७०९६ |
| | *संघीय सरकार* | *६३०२२०* | *५७६३००* | *६०५११५* | *५८९६८०* | *६११९६४* | *६५०१२२* |
| | *प्रदेश सरकार* | *२९१०१* | *२२६६८* | *२३८०१* | *२४९९१* | *२६२४१* | *२६९७४* |
| | *अन्य आन्तरिक अनुदान* | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | **जम्मा** | ७८२२९८ | ७६०६७८ | ८८६५३१ | ८५६०८९ | ९०३६७३ | ९५३८१६ |
| **कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत)** | | ४.०२ | ५.३५ | १५ | १३.०८ | १३.५४ | १४.०४ |

# परिच्छेद ६ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ६.१ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन

यस दस्तावेजको परिच्छेद ४ मा उल्लेखित राजश्व सुधार कार्ययोजनामा समावेश गरिएका कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याएको खण्डमा मात्र प्रक्षेपणमा उल्लेख गरिएको लक्ष पुरा हुन सक्दछ । कार्ययोजनामा उल्लेख गरिएका कार्यहरू सम्पन्न गर्न नगरपालिकाले आफ्नै बजेट तथा अन्य सहयोगी निकाय तथा परियोजनाहरूवाट पनि सहयोग लिन सक्नेछ। नगरपालिकाले आफ्नो बार्षिक योजना तथा बजेटमा राजश्व सुधार कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरू सञ्चालनका लागि बजेट व्यवस्था गर्न आवश्यक देखिन्छ।

- राजश्व उपशाखा तथा वडा कार्यालयमा जडान गरिएको सफ्टवेयरमा आयका सबै शीर्षकहरूको दर समावेश गर्ने
- सम्पत्ति कर, मालपोत कर, घरजग्गा बहाल कर, तथा बहाल बिटौरी शुल्कको व्यवस्थापनका लागि आवश्यक कार्यविधिहरू तयारी
- करदाता शिक्षा कार्यक्रम तथा राजश्व संकलन शिविर सञ्चालन
- कर्मचारीहरूको क्षमता विकास तथा कर्मचारी प्रोत्साहन प्याकेज
- पार्किङ शुल्क तथा पर्यटन शुल्कको स्रोतहरूको विस्तृत सम्भाब्यता अध्ययन
- राजश्व संकलनको अनुगमन

नगरपालिकालाई प्रदान गरिएको राजश्व अधिकारहरू मध्ये कतिपय अधिकारहरू विगतदेख नै उपयोग गरिंदै आएको छ । विगतका आ.व.मा नसमेटिएका राजश्वका अधिकारहरूमध्ये आय संकलन हुन सक्ने क्षेत्रहरूको पहिचान गरी प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नु उचित हुन्छ।

## ६.२ श्रोत व्यवस्थापन

यस राजश्व सुधार कार्ययोजनामा प्रस्तावित राजश्व सुधारका कार्यहरूलाई कार्यान्वयन गर्न नगरपालिकाले आगामी आ.व. को बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका अलावा प्रस्तावित कार्यहरूलाई नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार निकाय तथा निजी संघ/संस्थाहरूसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी कार्यान्वयनको व्यवस्था मिलाउनु पर्नेछ।

## ६.३ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन

स्थानीय सरकार संचालन ऐन २०७४ मा गरिएको व्यवस्था अनुसार यस राजश्व सुधार कार्ययोजनाले राजश्व परामर्श समितिलाई राजश्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी अन्तरिक आम्दानीका स्रोतहरू पहिचान गर्न र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा सहयोग गर्दछ।

वालिङ नगरपालिकाको राजश्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धी हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढी जिम्मेवारी बनाईनेछ । साथै स्थानीय राजश्व परामर्श समितिलाई सहजीकरण गर्न नगर प्रमुखको संयोजकत्वमा राजश्व सुधार कार्ययोजनाको प्रगति सम्वन्धी अनुगमन गर्न एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ।

**अनुगमन तथा मूल्यांकन समितिको संरचना :**

१) नगर प्रमुख : संयोजक

| | | | |
|---|---|---|---|
| २) | नगर उपप्रमुख | : | उपसंयोजक |
| ३) | प्रमुख प्रशासकीय अधिकृत | : | सदस्य |
| ४) | आर्थिक विकास समिति संयोजक | : | सदस्य |
| ५) | प्रतिनिधी, वालिङ उद्योग बाणिज्य संघ | : | सदस्य |
| ६) | प्रतिनिधि, नागरिक समाज वा टोल विकास संस्था | : | सदस्य |
| ७) | राजश्व उपशाखा प्रमुख | : | सदस्य सचिव |

उद्योग बाणिज्य संघ र नागरिक समाजको तर्फका प्रतिनिधित्व गर्ने सदस्यलाई यस समितिले निर्णय गरी आमन्त्रित सदस्यका रुपमा समितिमा समावेश गर्न सक्नेछ ।

नगरकार्यपालिकाले आवश्यकता महशुश गरेमा अन्य विषय विज्ञ व्यक्तिहरूलाई पनि आमन्त्रित सदस्यका रुपमा समितिमा राख्न वा समितिको बैठकमा बोलाई आवश्यक सल्लाह सुझाव लिन सक्नेछ । अनुगमन तथा मूल्यांकन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ तर समितिले आवश्यकता ठानेमा आवश्यकता अनुसार जतिपटक पनि बैठक बस्न सक्नेछ ।

अनुगमन समितिले निम्नानुसार कार्य गर्नेछ ।

- राजश्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूका लागि आवश्यक पर्ने बजेटको व्यवस्थाका लागि आवश्यक कार्य गर्ने र नगरसभाबाट परित गराउने ।
- सबै क्रियाकलापहरूलाई अलग अलग रुपमा बजेट विनियोजन गर्न संभव नभएको अवस्थामा कार्ययोजना कार्यान्वयनका लागि एकमुष्ठ बजेटको माग गर्ने ।
- स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलाप छुट्याई जिम्मेवार सम्बद्ध शाखा/उपशाखाका कर्मचारीलाई जिम्मेवारी तोक्ने ।
- जिम्मेवार शाखा वा कर्मचारीले आफुसँग सम्बन्धित कार्यजिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्नु पर्नेछ ।
- जिम्मेवार शाखा/उपशाखा वा पदाधिकारीहरूबाट उनीहरूको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण चौमासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत मार्फत संकलन गरी समीक्षा गर्ने ।
- अनुगमन तथा मूल्यांकन समितिबाट प्राप्त सुझावहरूलाई राजश्व परामर्श समितिमा वा नगरकार्यपालिकाको बैठकमा पेश गरी आवश्यक कार्वाही गराउने ।
- राजश्व सुधार कार्ययोजनामा भएको क्रियाकलापहरूको कार्यान्वयनको अवस्थाको समीक्षा गरी आवश्यक परेमा क्रियाकलाप संसोधन वा थप गर्न तथा जिम्मेवारीहरूको हेरफेर गर्नको लागि राजश्व परामर्श समिति समक्ष सिफारिस गर्ने ।

प्रक्षेपित राजश्व असुलीमा देखिएका समस्याहरूको समधानका लागि आवश्यक कार्यका लागि नगर कार्यपालिकामा प्रस्ताव पेश गर्ने । यो राजश्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिस गरिएको छ ।

### (क) कार्यालय स्तरको अनुगमन :

यो राजश्व सुधार कार्ययोजना कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्यांकनकोलागि प्रमुख प्रशासकिय अधिकृत, राजश्व उपशाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरू तथा वडा सचिवहरूलाई जिम्मेवार बनाउनु पर्दछ । नगरपालिकाले कम्तिमा महिनाको एक पटक बैठक वसी कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयन भए नभएको, राजश्व असुलीको लक्ष्य अनुसार असुली भए नभएको, लक्ष हासिल गर्ने दिशातर्फ उन्मुख भए नभएको समीक्षा गरी आवश्यक नीतिगत एवं कार्यगत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

### (ख) राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकन :

राजश्व परामर्श समितिले राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था तथा आय संकलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई चौमासिक रुपमा आवश्यक परामर्श प्रदान गर्नुपर्दछ । त्यसैगरी आगामी आ.व.को लागि आयको अनुमान गर्नुभन्दा पूर्व विगतको आर्थिक ऐनको मूल्यांकन गरी आयका स्रोत, दर तथा दायरा र व्यवस्थापनमा हेरफेर गर्नुपर्ने भएमा सुधारकोलागि कृयाकलाप सिफारिस गर्ने र त्यसैको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजश्व सुधार योजनाको समिक्षा गर्नुपर्दछ ।

### (ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकन :

कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिले प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्नुपर्ने हुन्छ । समितिले प्रस्तुत गरेका सुझावहरूमा आवश्यक छलफल गरी राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नुपर्ने भएमा आवश्यक निर्णय गर्नुपर्दछ ।

### (घ) वाह्य अनुगमन तथा मूल्यांकन :

राजश्व सुधार कार्ययोजना कार्यान्वयनको पश्चात आन्तरिक राजश्वमा के कति सुधार भयो वा सुधारोन्मुख छ भनी नगरपालिकाले गरेको राजश्वको प्रक्षेपणलाई आधार मानेर संघिय अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमन गर्न सक्नेछन ।

## अनुसूची १ : सन्दर्भ सामग्रीहरू


- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७६।७७
- नेपाल सरकारको आर्थिक ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको

  वालिङ नगरपालिकाको आर्थिक ऐन २०७७/७८

-

अनुसूची २ : तथ्याङ्क र सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम

# राजश्व सुधार कार्ययोजना(RIAP)

# तथ्याङ्क संकलन फारम

.....................................गाउँ/नगरपालिका

## क. राजश्वका स्रोतहरू तथा हालको परिचालन अवस्था

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | दर निर्धारण भएको/नभएको | संकलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| क.१ | **कर तर्फ** | | | | |
| १ | सम्पत्ति कर | | | | |
| २ | भूमिकर (मालपोत) | | | | |
| ३ | घर जग्गा बहाल कर | | | | |
| ४ | व्यवसाय कर | | | | |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | | | | |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | | | | |
| ७ | विज्ञापन कर | | | | |
| क.२. | **अन्य राजश्व** | | | | |
| | **शुल्क, सेवा शुल्क तथा महशुल** | | | | |
| १ | वहाल विटौरी शुल्क | | | | |
| २ | पार्किङ्ग शुल्क | | | | |
| ३ | पर्यटन शुल्क | | | | |
| ४ | परिक्षा शुल्क | | | | |
| ५ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क | | | | |
| ६ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | | | | |
| ७ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | | | | |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | | | | |
| ९ | अस्पताल संचालन | | | | |
| १० | एम्बुलेन्स संचालन | | | | |
| ११ | दमकल संचालन | | | | |
| १२ | मूल्यांकन सेवा शुल्क | | | | |
| १३ | स्थानीय खानेपानी महसुल | | | | |
| १४ | स्थानीय विद्युत महसुल | | | | |
| | **दस्तुर** | | | | |
| १ | नक्सापास दस्तुर | | | | |
| २ | सिफारिस/प्रमाणित दस्तुर | | | | |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | |
| ४ | नाता प्रमाणित दस्तुर | | | | |

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | दर निर्धारण भएको/नभएको | संकलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | | | | |
| | **बिक्री तथा अन्य आय** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | | | | |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिकी | | | | |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | | | | |
| ४ | सामुदायिक वनबाट आय प्राप्त | | | | |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | | |
| ६ | न्यायिक दण्ड जरिवाना | | | | |
| ७ | प्रशासनिक दण्ड जरिवाना | | | | |
| ८ | अन्य राजश्व .............. | | | | |

## ख. करदाता तथा कर संकलन सम्बन्धी विवरण

| क.सं. | आयका प्रकार | हाल सम्म दर्ता भएको संख्या | गत आ.व. २०७६/०७७ | | कैफियत |
|---|---|---|---|---|---|
| | | | कर तिर्नेको संख्या | संकलित रकम | |
| १ | सम्पत्ति कर | | | | |
| २ | भूमिकर (मालपोत) | | | | |
| ३ | घर जग्गा बहाल कर | | | | |
| ४ | व्यवसाय कर | | | | |
| ५ | सवारी कर | | | | |

## ग. राजश्वमा आधारित तथ्याङ्क तथा सूचनाहरू

### ग.१ भवन सम्बन्धी विवरण

| क्र.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत मासिक बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनकालागि निर्मित भवन/घरहरू *(नोटः नीजि अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्याम्पस आदी)* | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरू | | | |
| ३ | आवासिय भवन/घरहरू | | | |
| | *कच्ची घरहरू (कच्चीजोडाई तथा छानाा)* | | | |
| | *अर्ध कच्ची घरहरू (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)* | | | |
| | *पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)* | | | |
| | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | | | |
| **जम्मा** | | | | |

### ग.२ जग्गा सम्बन्धी विवरण *(नोटः जग्गाको उपयोगिता तथा मुल्यांकनका आधारमा वर्गिकरण गर्ने ।)*

| क.सं. | जग्गाको किसिम | अनुमानित क्षेत्रफल | औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| जम्मा | | | |
|---|---|---|---|

**ग.३ सवारी साधन सम्बन्धी विवरण**

| क्र.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, ई रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

**ग.४ व्यापार व्यवसाय सम्बन्धी विवरण**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | सानालगानी | मझौला लगानी | ठुला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग | | | | |
| २ | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा, मनि टर्नास्फर आदि) | | | | |
| ३ | ब्यापारिक मल, सपिङ सेन्टर | | | | |
| ४ | संस्थागत विद्यालय तथा कलेज | | | | |
| ५ | नीजि अस्पताल | | | | |
| ६ | होटल तथा रिसोर्ट | | | | |
| ७ | डिलर तथा थोक विक्रेता | | | | |
| ८ | अन्य ब्यवसायहरू | | | | |

**ग.५ विक्री गर्ने बस्तु संग सम्बन्धित विवरण**

| क्र.सं. | उत्पादन/उत्खनन स्थल | बस्तुहरू | कुल उत्खनन तथा विक्री योग्य परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | | स्लेट | | |
| | | ढुङ्गा, गिट्टी, बालुवा | | |
| | | माटो | | |
| | | काठ, दहत्तर बहत्तर | | |
| २ | | स्लेट | | |
| | | ढुङ्गा, गिट्टी, बालुवा | | |
| | | माटो | | |
| | | काठ, दहत्तर बहत्तर | | |

**ग.६ जडिबुटी तथा कवाडी वस्तुको ब्यवसायिक उपयोग**

| क्र.सं. | बस्तुहरू | इकाई | अनुमानित संकलन परिमाण | बजार बिक्री मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरू | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरू | | | |
| | | | | |

**ग.७ नक्सापास सम्बन्धि विवरण (प्राविधिक शाखा)**

| | | |
|---|---|---|
| १ | नक्सापास लागु भएको मिति | |

| क्र.सं. | विवरण | हाल सम्म (जम्मा) | आ.व. २०७६।७७ मा | चालु आ.व.मा हुन सक्ने अनुमान |
|---|---|---|---|---|
| २ | नक्सा पास संख्या | | | |
| ३ | अभिलेखिकरण संख्या | | | |
| ४ | औसत नक्सापास हुने घरको क्षेत्रफल (वर्ग मिटर) | | | |
| | नक्सापास बापत संकलन हुने औसत दस्तुर | | | |
| ५ | **हालसम्म नक्सापास भएको सबैभन्दा ठुलो संरचना** | | | |
| | क्षेत्रफल | | | |
| | नक्सापास भएको आर्थिक वर्ष | | | |
| | नक्सापास दस्तुर | | | |

## घ. सम्पत्ति परिचालन (जिन्सी शाखा)

### घ.१.स्वामित्व वा भोगचलनमा रहेका जग्गा

| क्र.सं. | जग्गा रहेका स्थान | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदी भएमा) | कैफियत |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| ख | भोगचलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |

### घ.२. स्वामित्वमा रहेका भवन

| क्र.सं. | स्थान | भवनको विवरण | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### घ.३. स्वमित्वमा रहेका र बहालमा भएका मेसिन, औजार तथा अन्य उपकरण

| क्र.सं. | मेसिन, औजार तथा अन्य उपकरण | विवरण | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## ङ. निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

| क्र.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | | | | | |
| २ | खानेपानी / धारा | | | | | |
| ३ | बिजुली | | | | | |
| ४ | ढल निकास | | | | | |
| ५ | सडक बत्ति | | | | | |
| ६ | सार्वजनिक शौचालय | | | | | |
| ७ | पार्क | | | | | |

| क्र.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | पर्यटकिय स्थल | | | | | |
| ९ | हाट बजार | | | | | |
| १० | पशु बधशाला | | | | | |
| ११ | बसपार्क | | | | | |
| १२ | अन्य पार्किङ्ग क्षेत्र | | | | | |
| १४ | एम्बुलेन्स संचालन | | | | | |
| १५ | दमकल संचालन | | | | | |

### च. ठेक्का कायम भई वा अमानत बाट आय संकलनको अवस्था

| क्र.सं. | विवरण | स्थल | गत आ.व. २०७६/०७७ | | चालु आ.व. २०७७/०७८ | | |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | ठेक्का लागेको /संकलन भएको रकम | परिमाण | न्युनतम ठेक्का रकम | ठेक्का लागेको /संकलन भएको रकम |
| १ | स्लेट | | | | | | |
| २ | ढुङ्गा, गिट्टी, बालुवा, माटो | | | | | | |
| ३ | काठ, जराजुरी, दहत्तर बहत्तर | | | | | | |
| ४ | विज्ञापन | | | | | | |
| ५ | हाटबजार | | | | | | |
| ६ | | | | | | | |

## अनुसूची ३ : अभिमुखीकरण कार्यक्रमका सहभागीहरुको उपस्थिति

आज मिति २०७७/०१/१४ गतेका दिन वालिङ नगरपालिका राजस्व परामर्श समितिको संयोजक तथा उप प्रमुख श्री कल्पना तिवारी ज्यू को संयोजकत्वमा वालिङ नगरपालिका राजस्व परामर्श समितिको सुधार कार्य योजना तर्जुमा सम्बन्धी छलफल तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

तपशिल

| क्र.सं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | संयोजक तथा उप-प्रमुख | श्री कल्पना तिवारी | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री राजन भट्टराई | |
| ३ | सहजकर्ता | श्री सुरेन्द्र वाग्ले | |
| ४ | सहजकर्ता | श्री शान्ता बढ थापा | |
| ५ | द एसिया फाउण्डेसन गण्डकी प्र. सं. | श्री पूर्ण पाठैया | |
| ६ | राजस्व शाखा प्रमुख | श्री पदम प्रसाद पाण्डे | |
| ७ | वडासचिव ६ नं. वडा | श्री रमा खनाल | |
| ८ | वडा सचिव १० नं. वडा | श्री दिपेन्द्र गैह्रे | |
| ९ | वडा सचिव, १४ नं. वडा | श्री चोक बहादुर पौड्याल | |
| १० | " १२ " | श्री बुद्धि राम बुढा | |
| ११ | सि. कम्प्युटर अपरेटर | श्री कृष्ण राना | |
| १२ | वडा सचिव १ नं. वडा | श्री बुद्धि सागर पंगेनी | |
| १३ | वडा " ८ नं. वडा | श्री प्रेम ~~प्रसाद~~ नारायण सुवेदी | |
| १४ | वडा " २ नं. वडा | श्री चेतन प्रसाद अर्याल | |
| १५ | वडा " १३ नं. वडा | श्री लालुकान्त भट्टराई | |
| १६ | राजस्व शाखा नगरपालिका | श्री बुद्धि सागर भण्डारी | |
| १७ | राजस्व परामर्श समिति सदस्य | श्री आनन्द पाठक | |

नि.नं.१. वालिङ नगरपालिकाको राजस्व सुधार कार्यक्रम तर्जुमा तयारीका लागि नगरपालिकाका उप-प्रमुख, प्र. प्रशा. अधिकृत, वडा सचिवहरु सँग अन्तरकृया गरि आगामी दिनमा राजस्व सुधार योजना निर्माण गर्ने छलफल गरियो।

## अनुसूची ४ : अभिमुखीकरण कार्यक्रमका केही झलकहरु



नगर प्रमुख दिलिप प्रताप खाँड कार्यक्रममा मन्तब्य राख्दै



उप प्रमुख श्री कल्पना तिवारी कार्यक्रममा मन्तब्य राख्दै



कार्यक्रममा सहभागी वडा सचिबहरू



स्रोत व्यक्ति सुरेन्द्र वाग्ले प्रस्तुतीकरण गर्दै